# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बगनासकाली गाउँपालिका
## पाल्पा

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बगनासकाली गाउँपालिका
## पाल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बगनासकाली गाउँपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ३९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

**बगनासकाली** गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा ।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ९८ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१४ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३६ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. ४७ लाख ३७ हजार समेत गरी यस वर्ष रु ९८ लाख ७९ हजार बेरुजू कायम रहेको छ ।गाउँपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. ६ करोड ८१ लाख ८५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ८० लाख ६४ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **बगनासकाली** गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **बगनासकाली** गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

**बगनासकाली** गाउँपालिका, पाल्पा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्योँट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की | |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की | |
| ६६ | ५४ | ९८८८ | ० | १ | ९ | ६६ | ५३ | ९८७९ | १४८१ | ४७३७ | ३६६१ | ० | ० | ८३९८ | ० | |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्योँट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बगनासकाली गाउँपालिका, पाल्पा जिल्ला | ६८५५६ | ० | २२६४ | ६६२९२ | १८९३ | ९८७९ | ७८०६४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३९ | असुल दाखिला | ८५०० |
| | चालु वर्षको जम्मा | | | **८५००** |
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | | | २२३७४८३ |
| २ | २०७७।७८ | | | १२००० |
| ३ | २०७६।७७ | | | १५००० |
| | गत विगतको जम्मा | | | **२२६४४८३** |
| | कुल जम्मा | | | **२२७२९८३** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडारहेको छ भने क्षेत्रफल ८४।१६ वर्ग किलोमिटर तथा २८८४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।११ देखि २०८०।०६।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) वित्तीय प्रतिवेदन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम

७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) निम्नअनुसार देखिएको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५५७१९९११६. | ४८२७२१४७६.६६ | | ४८२७२१४७६.६६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५४६७९६०००. | ४६७२७७७७१.१५ | ० | ४६७२७७७७१.१५ |
| ११००० कर | ११ | ७९७४२०००. | ६९३९२७९९.०७ | ० | ६९३९२७९९.०७ |
| १३००० अनुदान | | ४१३९८७०००. | ३८०९६१७३७.४ | ० | ३८०९६१७३७.४ |
| संघीय सरकार | १२ | ३७५४२१०००. | ३४६७१३७१३.४ | ० | ३४६७१३७१३.४ |
| प्रदेश सरकार | १२ | ३८०६६०००. | ३४२४८०२४. | ० | ३४२४८०२४. |
| अन्तरिक श्रोत | | ५००००००. | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १४५६७०००. | १६८१२५६९.६८ | ० | १६८१२५६९.६८ |
| १५००० विविध प्राप्ति | | ५००००००. | ११०६६५. | ० | ११०६६५. |
| ३२००० वित्तीय सम्पत्ति | | ३८००००००. | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १०४०३११६. | १५४४३७०५.५१ | | १५४४३७०५.५१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १०४०३११६. | ९३९३७५८.५१ | ० | ९३९३७५८.५१ |
| धरौटी | | ० | ६०४९९४७. | ० | ६०४९९४७. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ५५७१९९११६. | ४९८६९१४५२.४४ | | ४९८६९१४५२.४४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४६७९६०००. | ४८७६२३२०२.४४ | | ४८७६२३२०२.४४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२२९७४०००. | २१७४६८७४५.४ | ० | २१७४६८७४५.४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११४३८८०००. | ९२६०४४७३.०४ | ० | ९२६०४४७३.०४ |
| २५००० सहायता (Subsidy) | १८ | १३११४०००. | १२१७२६७४. | ० | १२१७२६७४. |
| २७००० सामाजिक सुरक्षा | १८ | ८९५४०००. | ८७८३१९५. | ० | ८७८३१९५. |
| २८००० अन्य खर्च | १८ | १७९१०००. | १२०७३४०. | ० | १२०७३४०. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८५५७५०००. | १५५३८६७७५. | ० | १५५३८६७७५. |
| घ. अन्य भूक्तानी | | १०४०३११६. | ११०६८२५०. | | ११०६८२५०. |
| कोषहरु | | १०४०३११६. | ८५०४४७६. | ० | ८५०४४७६. |
| धरौटी | | ० | २५६३७७४. | ० | २५६३७७४. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -१५९६९९७५.७८ | | -१५९६९९७५.७८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७२१३७४९५.५९ | | ७२१३७४९५.५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५६१६७५१९.८१ | | ५६१६७५१९.८१ |
| बैंक तथा नगद बाकी | २४ | | ५६१६७५१९.८१ | | ५६१६७५१९.८१ |

त्यसैगरी कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट CGAS मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छः

| शीर्षक | वार्षिक बजेट | निकासा | खर्च | खर्च मध्ये पेस्की |
|---|---|---|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम | १२१७४३००० | १२१५४५७३२ | १२१५४५७३२ | |
| स्थानीय तह प्रशासकिय भवन कार्यक्रम | २५000000 | २३८९१९८६ | २३८९१९८६ | |
| भाषा तथा संस्कृति कार्यक्रम | ४२00000 | ३५५९४६७ | ३५५९४६७ | |
| एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३३९७७000 | ३३९२९६१९ | ३३९२९६१९ | १४५00000 |

२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२१५४५७३२, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३३९२९६१९, प्रशासकीय भवन पूर्वाधारको रु.२३८९१९८६ र भाषा तथा संस्कृति कार्यक्रमको रु.३५५९४६७ समेत गरी रु.१८२९२६८०४ सुत्रमा लेखाङ्कन भएको छैन् । जसबाट पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरण तथा वास्तविक आर्थिक कारोबारमा उपरोक्त रकम फरक परेको देखिन्छ । तसर्थ तालुक निकायले पालिकाको सबै आर्थिक कारोबारहरु समेटी एकिकृत विवरण तयार हुने गरी प्रणाली विकास लागु गर्नुपर्दछ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । साथै आन्तरिक लेखापरीक्षण गर्दा औंल्याएका देहाएका व्यहोरा असुल फछ्यौट गर्नुपर्ने देखिएको रु

३.१ आलेप दफा नं २२ मा उल्लेखित विल भपाई संलग्न नदेखिएकोले खर्च प्रमाण संलग्न गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८७१ |

३.२ आलेप दफा नं २८ मा उल्लेखित निजामती सेवा दिवसको मालसामान खरिद सम्बन्धी निर्णय संलग्न नगरी खर्च गरेको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,२०० |

३.३ आलेप दफा नं ३४ मा जनप्रिय प्रावि ले ल्यापटप खरिद गरेकोमा जिन्सी दाखिला गरेको प्रमाण संलग्न गरि नियमित गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,५०० |

३.४ आलेपा दफा नं ३८ मा चिलाङ्दी बुल्ठाके दैलातुङ हुदै रानीमहल मो.बा. उ.स. बाट नपुग बहालकर असुल गरि दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७३ |

३.५ आ.ले.प. दफा नं १६ मा उल्लेख नायर नमतलेस स्वास्थ्य चौकीमा भुक्तानी भएको रु.९३४५ को आवश्यक प्रमाण कागजात संलग्न गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,३४५ |

४ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा १३ सहकारी संस्थाको मात्र निरीक्षण गरेको देखियो बाँकी १९ वटाको निरीक्षण गरेको देखिएन । निरीक्षणबाट सहकारी ऐन नियमको पालना विनियम संशोधन सुचना अधिकारी र गुनासो पेटिकाको व्यवस्था, गाँउपालिकामा पेश गर्नुपर्ने प्रतिवेदनमा नियमितता, लेखा समितिको बैठक तथा कार्यविधि लगायतमा विषयमा सुझाव दिएको देखिन्छ । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सबै सहकारीको अनुगमन समेत गरी दिइएका सुझावहरुको कार्यन्वयन अवस्थाको समेत प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ५ प्रकोप ब्यवस्थापन कोष

५.१ प्रकोप व्यवस्थापन कार्यक्रमबाट प्रकोप नियन्त्रण तथा प्रकोपबाट पिडितलाई राहात उपलब्ध गराउनुपर्नेमा दुई जना कर्मचारी निसा ढकाल र ओमकला बस्याललाई श्रावण देखि पौष महिना सम्मको तलब तथा दशै खर्च समेत भुक्तानी देखिएको रु ३२६२७० अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,२६,२७० |

५.२ प्रकोप व्यवस्थापन कोष शिर्षकबाट गाँउपालिका को लागि भनि गो भौ नं ३९ मिति २०८०।२।३ बाट रु १८९८० को पाइप खरिद गरेकोमा प्रयोजन र प्रयोग स्पष्ट नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९८० |

## ६ स्वास्थ्य भवन

६.१ लागत अनुमान रु १४७२९२७६२ रहेको १५ सैयाको प्राथमिक अस्पताल निर्माण कार्य २०८०।८।१२ गते सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री बुद्ध पशुपती जुगल जे भि संग २०७९।२।१३ मा रु १४५०८२०८४ को सम्झौता भएकोमा यसबर्ष सम्म करिव १३ महिना अर्थात ७२ प्रतिशत समय समाप्त हुँदा रु २१२९६९०० (१४ प्रतिशत) को कार्य भई विलको रकम मध्ये रु १९४००००० र पेश्की रु १४५००० समेत रु ३३९००००० मा भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

६.२ विमा वापत रु १३८७३६६ व्यवस्था गरेतापनी विमा गरेको प्रमाण संलग्न छैन । त्यस्तै दोस्रो मोविलाईजेशन पेश्की रु १४५००००० भुक्तानी दिँदा ठेक्का सम्झौताको सर्त अनुसार पहिलो मोबिलाईजेशन पेश्की रकम सोही प्रयोजनमा उपयोग भएको प्रमाण संलग्न गरी भुक्तानी दिनुपर्नेमा उक्त प्रमाण संलग्न गरेको छैन ।

६.३ सम्झौताको विषेशशर्त ५३.६ मा प्रोजेक्ट म्यानेजरले स्वीकृत गरेको मुल्य समायोजन डाटा सिटको आधारमा मुल्य समायोजन भुक्तानी दिने उल्लेख छ । अतः निर्माण व्यवसायीलाई मुल्य समायोजन रकम भुक्तानी दिँदा सम्झौताको सर्त अनुसार डाटा सिटको आधारमा दिनुपर्नेमा त्यस्तो डाटा सिटमा कोफिसेन्ट (सुचक) हरु उल्लेख गरेको पाइएन ।

## ७ अनुदानको अनुगमन

७.१ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, लगायतका क्षेत्रमा ढुवानी उत्पादन एवं सामान खरिदमा विभिन्न व्यक्ति, संस्था र सहकारी संस्थालाई रु. ४७३३०६७ अनुदान खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

| **बजेट प्रकार** | **अनुदानको विवरण** | **लाभग्राही संख्या** | **रकम** |
|---|---|---|---|
| गाँउपालिका | कृषि यन्त्रीकरण | ३५ | ९४८००० |
| वडा नं ४ | | १० | २४५००० |
| वडा नं ५ | | १३ | ३३०००० |
| वडा नं ६ | | १८ | ३२७००० |
| वडा नं ९ | | १६ | ३००००० |
| **जम्मा** | | **९२** | **२१५००००** |
| **गाँउपालिका (पशु सेवा शाखा)** | **उत्पादनमा आधारीतदुग्ध ढुवानी अनुदान** | **१७०** | **६५००००** |
| गाँउपालिका | विउविजनखरिद | ३९४ | २१२७६० |
| | आलु विउ वितरण | | ७४९९८ |

| | | | |
|---|---|---|---|
| | मागमा आधारित कृषि अनुदान | २० | ३९५५५० |
| | उत्पादनमा सामाग्रीमा अनुदान | ११ | १५३००० |
| | तरकारी ढुवानी अनुदान | ३६ | १४७९४१ |
| | तोरीमा अनुदान | ३ सहकारी | २२४८०० |
| | युवा लक्षित कार्यक्रम (५०%) | १४ | २७९६०० |
| | वुङ्गुर फार्म सुधार | ८ | ११६३९८ |
| | भकारो सुधार | ९ | १७८५०१ |
| | ठुला बाखा फर्म | ३ | १४९५१९ |
| **जम्मा** | | | **१४८८६४९** |
| **कुल जम्मा** | | | **४७३३०६७** |

७.२ पालिकाले यस वर्ष यान्त्रिक उपकरण खरिदमा कुल रु २१५०००० खर्च गरेकोमा लागत अनुमान तयार नगरी कृषकहरुले खरिद गरेको विलको आधारमा मिनिटिलरमा रु ३५००० कन्बाइन मिल रु २०००० घान काट्ने मेशिनमा रु १०००० नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान दिएको छ । अनुदानमा वितरित सामाग्रीहरुको गुणस्तर सम्बन्धमा परीक्षण गरेको एवं वारेन्टी र ग्यारेन्टी पिरियड सुनिश्चित गरेको देखिएन ।

७.३ पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

८ **महिला बालबालिका तथा ज्येष्ठ नागरीक** - यस कार्यक्रममा रु २४००००० बजेट व्यवस्था भएकोमा रु १२५९९९५ खर्च भई भौतिक प्रगति ८७.५ प्रतिशत र वित्तिय ५२.४ प्रतिशत रहेको देखिन्छ । यस शाखाबाट कुल ७ कार्यक्रम कार्यन्वयन भएकोमा महिला लक्षित कार्यक्रम तर्फ रु ६८०६५५ खर्च भएको छ । उक्त खर्चमा तिज गित प्रतियोगिता दर खाने कार्यक्रममा रु १४४९४०, वडा तर्फ तिज कार्यक्रममा रु ९०००० एकल महिलाहरुको अवलोकन भ्रमणमा रु ३५४९०० र जुत्ता चप्पल तालिम कार्यक्रममा रु ९०८१५ समावेश छ । महिलाहरुको सशक्तीकरणको लागि तालिम सिपविकास र आयआर्जनका क्षेत्रमा खर्च गर्नुपर्नेमा कुल खर्चको १३ प्रतिशत मात्र तालिममा खर्च गरी ८७ प्रतिशत खर्च तिज कार्यक्रम र अवलोकन भ्रमण खर्च गर्नु उपयुक्त नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,९९,८४० |

९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५५३८७ | ० | २१६१८ | ३२९०६ | १००८६२ | ४८९०० |
| प्रतिशत | १०० | ० | १४ | २१ | ६५ | ३१.५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १५ करोड ५३ लाख ८७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको, दोस्रो त्रैमासिकमा रु. २ करोड १६ लाख १८ हजनार (१४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ३ करोड २९ लाख ६ हजार (२१ प्रतिशत) र चौथो त्रैमासिकमा रु १० करोड ८ लाख ६२ हजार (६५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४ करोड ८९ लाख (३१.५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र

यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ५१ करोड १८ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजारमा

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | क्षेत्रगत प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९६५० | २५८६५ | ८७.२३ | ५.३ |
| २ | पूर्वाधार विकास | १२५६७५ | १०८०९८ | ८६.०१ | २२.१ |
| ३ | सामाजिक विकास | २७४५१७ | २५७९३६ | ९३.९६ | ५२.९० |
| ४ | संस्थागतविकास, सेवाप्रवाह र सुशासन | ३३००० | २३५३२ | ७१.३१ | ४.९० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८३९५४ | ७२१८९ | ८५.९९ | १४.८ |
| **जम्मा** | | **५४६७९६** | **४८७६२०** | **८९.१८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको खर्च विश्लेषण गर्दा मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.९ प्रतिशत र संस्थागत विकास , सेवाप्रवाह र सुशासनमा सबै भन्दा घटी ४.९ प्रतिशत रहेको छ ।

१२ **जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित संघीय स्वीकृत दरबन्दी ३७ तथा पालिकाले स्वीकृत गरेको ७ जना गरी ४५ जनाको कुल दरबन्दि रहेकोमा लेखापरीक्षण अवधि सम्म कार्यालय सहयोगी बाहेक प्रमुख प्रशाकीय अधिकृत सहित ४५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन सहायक, शिक्षातर्फ प्रास, सब ईन्जिनयर, असिस्टेन्ट सब ईन्जिनियर सहित ७ पदहरु रिक्त रहेको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । ईन्जिनियर, सब ईन्जिनियर तथा पशु/कृषि प्राविधिक सहित पालिकाले २४ कर्मचारी करारमा नियुक्ती गरी रु.१३४२७८२८ खर्च गरेको छ । उल्लेखित पदहरु बाहेक पालिकाले स्वीकृत दरबन्दि बाहिरका सहायक कम्प्युटर/ कार्यालय सहायक समेतका पदमा १० जना कर्मचारी राखी यस वर्ष रु.३७१०७७६ तलब भत्ता खर्च लेखेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ३७,१०,७७६ |

१४ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ |पालिकाले तलबि प्रतिवेदन पारित गरी स्वास्थ्य तर्फ ४६ जनाको रु २८७९२४५२ र गाँउपालिका तर्फ २७ जनाको १७५००००० समेत रु ४६२९२४५२ खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरेर मात्र खर्च लेखुपर्दछ ।

१५ **विविध खर्च** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । वित्तिय प्रतिवेदनको अनुसुची १८ अनुसार पालिकाले यस वर्ष पालिका तथा वडा तर्फ समेत विविध खर्चमा रु. ४० लाख १९ हजार खर्च गरेको देखिन्छ पालिकाले यस्ता प्रकारका खर्चमा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१६ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले ज्याला रु २६३२८०, इन्धन रु २०८७५३, र अन्य खर्चमा रु ९६५४२९ गरि यस वर्ष रु. १४३७४६२ कन्टीन्जेन्सी खर्च गरेको देखिन्छ । यस प्रकारका चालु खर्च शिर्षकका खर्चहरू समेतलाई पूँजीगत वजेट शिर्षक तर्फ समावेश गरी खर्च गरेको उपयुक्त देखिएन । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई सोको आधारमा खर्च लेखुपर्नेमा सो सम्बन्धी मापदण्ड निर्देशिका तयार गरेको पाइएन ।

१७ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ७९६९०० आर्थिक सहायता वितरण गरेको छ । मापदण्डको पालना गरी आर्थिक सहायता वितरण गर्ने प्रक्रियालाई थप बस्तुपरक बनाउनु पर्दछ ।

१८ **खर्च बिश्लेषण** - यसवर्ष मालपोत रजिष्ट्रेशन समेत आन्तरिक आयबाट रु १६९२३२३५ राजस्व बाँडफाँड रु ६९३९२७९९ र अनुदानबाट रु ३८०९६१७३७ समेत रु ४६७२७७७७१ आम्दानी भएकोमा चालु तर्फ रु ३२२२३६४२७ र पूँजिगत तर्फ रु १५५३८६७७५ समेत रु ४८७६२३२०२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.०८ प्रतिशत चालु र ३३.९२ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । साथै यसवर्ष पदाधिकारी सुबिधामा रु ९९ लाख ६९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५८.९

प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१९ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन :
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग तादम्यता हुने गरि बजेट निर्माण गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी आर्थिक वर्षको अन्तमा मात्र आशिक रुपमा दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरि कार्यक्रम निर्धारण गर्नुपर्नेमा संघीय सर्शत तथा पालिकाले एकै प्रकारका कार्यक्रम तयार गरि कार्यान्वयन गरेकोमा समन्वय गरेको देखिएन ।

• संघीय हस्तान्तरित तथा प्रदेश हस्तान्तरित कार्यक्रमहरु समेत अनुगमन भत्ता, दैनीक भ्रमण भत्ता, बैठक भत्ता लगायत वितरण प्रकृतिका रहेको पाईयो ।

• पालिकाले अनुगमन तथा भ्रमण खर्च लेख्दा स्पष्ट कार्य प्रयोजन खुलाएको पाईएन ।

• पदाधिकारी तथा कार्यालय ईन्धन खर्चको स्वीकृत ढाँचामा लगबुक प्रमाणित नगरि खर्च लेख्ने गरेको पाईयो ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कारयान्वयन गर्नुपर्नेमा हालसम्म गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणित गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा केही योजनामा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

२० **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडागत र पालिका स्तरका गरी कुल ४०५ योजनामा वजेट विनियोजन गरेको छ।

| **क. सं.** | **विवरण** | **योजना संख्या** |
|---|---|---|
| १ | रु ५० हजार सम्मको योजना | ७९ |
| २ | रु ५० हजार देखि १ लाख सम्मका योजना | ११५ |
| ३ | रु १ लाख देखि २ लाख सम्मका योजना | ९० |
| ४ | रु २ लाख देखि ३ लाख सम्मका योजना | ३५ |

| | | |
|---|---|---|
| ५ | रु ३ लाख देखि ५ लाख सम्मका योजना | ३९ |
| ६ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३० |
| ७ | १० लाख देखि १५ लाख सम्मका योजना | ५ |
| ८ | १५ लाख देख २० लाख सम्मका योजना | २ |
| ९ | २० लाख देखि ३० लाख सम्मका योजना | १ |
| १० | ३० लाख देखि माथिका योजना | ९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । सोको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ । पालिकाले उक्त मस्यौदा कानुनलाई आधार बनाई आवश्यकता अनुसार कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कुल ११ विवाद दर्ता भएकोमा १० वटा फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार ल्यापटप १ थान, दराज २ थान लगायतका मालसामान मर्मत गर्नुपर्ने तथा डेक्सटप कम्प्युटर ३ थान, ल्यापटप ५ थान, मोबाइल ८ थान, मोनिटर ३ थान लगायतका मालसामान लिलाम बिक्रि गर्नुपर्ने देखियो । नियमावलीको व्यवस्था अनुसार पालिका स्तर वडा स्तर हेल्थपोष्ट लगायतका जिन्सी मालसामानको

समेत मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । साथै कार्यालयले Public Asset Management System (PAMS) लागु हुनु भन्दा अगाडी खरिद तथा मौज्दात रहेका समानहरुको समेत Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्दछ ।

२४ **परामर्स तथा डीपीआर खर्च**-बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

रु हजारमा

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| वडा नम्बर ३ को वडा कार्यालय | प्राविधि नेपाल इन्जिनियरि कन्सल्टेन्सि प्रा लि | ४९८.३३ | ४९८.३३ | १५४३२.८८ |
| चिलाङदि बगनास नायर हुदै खानीछाप सडक | ल्याटिस् डिजाइनर्स एण्ड डेभ्लपर्स | ४९४.६ | ४९४.६ | ३५०७१.८० |
| सिदार्थ राजमार्ग हुदै खोरबारी शिखर हुदै माडी चक्रपथ कृषि सडक जोड्ने सडक | विनायक इन्जिनियरिङ्ग सर्भिसेज प्रा लि | ४०६.८ | ४०६.८ | ३२६०१.०५ |
| वडा नम्बर ५ को वडा कार्यालय | प्राविधि इन्जिनियरि सोलुसन प्रा ली | ४९७.२ | ४९७.२ | १९४४५.९२ |
| बगनासकाली वडा नं ४ खानिछाप देखि राम्दी मोटरबाटो स्तरोन्नति | मुक्ती टेक्निकल्स प्रा ली | ४७४.६ | ४७४.६ | ३८०५१४.२२ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | २३५१.५३ | २३५१.५३ | ४८३०६५.८९ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु मध्ये २ योजना बाहेक अन्य आयोजनामा बजेट विनियोजना नभएकोले कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

---

२५ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा म्याद थप गर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार ४०५ सम्झौता मध्ये १८२ को ५० प्रतिशत भन्दा वढी अवधि र १० सम्झौताको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएको छ । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

---

२६ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई देहाय अनुसार पेश्की बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुदछ ।

| **सिनं** | **आव** | **पेश्कीलिनेको नाम** | **कार्य** | **पेश्की** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | २०७५।०७६ | कालीगण्डकीबृहत लिफ्टिङ्ग उ स | लिफ्टिङ्गखानेपानी निमार्ण | २५००००० | गत वर्षको |
| २ | २०७८।०७९ | न्यूड्रागन आर एण्ड आर जे भि | पालिका भवननिर्माण | २३००००० | |
| ३ | २०७९।८० | श्री बुद्ध पशुपती जुगल जे भि | १५ श्यया अस्पताल निर्माण | १४५००००० | म्याद बाँकी |
| ४ | २०७८।७९ | श्री बुद्ध पशुपती जुगल जे भि | १५ श्यया अस्पताल निर्माण | १४५००००० | म्याद बाँकी |
| | जम्मा | | | ३३८००००० | |

२७ **वार्षिक खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले विभिन्न शीर्षक अन्तर्गत खुला बोलपत्रबाट रु ३८१७२०००, सोझै खरिद रु १२९०७००० उपभोक्ता समितिबाट रु १०४३०७००० गरी वार्षिक रु. १५५३८७००० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम गर्नुपर्ने वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित, मितव्ययी र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२८ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य प्रभावकारी भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२९ **ढुंगाको प्रयोग**

२९.१ प्रदेश हस्तान्तरितको गोभौ ३८ मिति २०८०।०२।२१ बाट चौपारी हुदै लिखुम मोटरबाटो निर्माण कार्यमा हार्ड रक कडिङ्ग वापत उपभोक्ता समितिलाई प्रति घनमिटर रु.१७४० का दरले ७०.५३ घनमिटरको भुक्तानी गरेको छ । स्वीकृत नर्म्स अनुसार उक्त रकम कटिङ्गको ५० प्रतिशतले हुने ३५.२६ घनमिटर स्टोन पुन प्रयोग गर्न सकिनेमा सोलिङ्गको ७.३२ घामिटर कार्यको लागि प्रतिघनमिटर रु.२४५० का दरले खरिद गरेको भनी दरविश्लेषण गरि सोही अनुसार उपभोक्ता समितिलाई धुक्तानी भएको छ । पुनः प्रयोग गर्ने गरि दर विश्लेषण नगरेको कारण सोलिङ्गको ७.३२ घनमिटरमा प्रति घनमिटर रु.२४५० का दरले रु.१७९३४ बढी भुक्तानी भएको छ । प्रविधिक पुष्टाई सहित यकिन गरी उक्त रकम असूल हुनुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,९३४ |

२९.२ सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । साथै सडक तथा पुल निर्माण नर्म्स २०७५ को नर्म्स नं.९०० को हार्ड रक कटिङ्गको दर विश्लेषणतर्फ हार्ड रक कटिङ्गको कम्तिमा ५० प्रतिशत परिमाण पुन प्रयोग गर्नुपर्ने उल्लेख छ । प्रदेश हस्तान्तरितको गोभौ ५२ मिति २०८०।०३।०६ बाट झिर भञ्याङ्ग घिउसीबास खानीगाउँ सडक निर्माण कार्यमा हार्ड रक कडिङ्ग वापत उपभोक्ता समितिलाई प्रति घनमिटर रु.१७४० का दरले ३३.३४ घनमिटरको भुक्तानी गरेको छ । स्वीकृत नर्म्स अनुसार उक्त रकम कटिङ्गको ५० प्रतिशतले हुने १६.१६ घनमिटर स्टोन ग्याबियन तथा सोलिङ्गमा पुनः प्रयोग हुने गरी दरविश्लेषण नभएको कारण उक्त निर्माण कार्यमा

१६.१६ घनमिटरमा प्रतिघनमिटर रु.२४५० का दरले रु.३९५९२ बढी भुक्तानी भएको छ । प्रविधिक पुष्टाई सहित यकिन गरी उक्त रकम असूल हुनुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,५९२ |

३० **सामाजिक सूरक्षा वितरण खर्च** - नेपाल सरकारले सामाजिक सूरक्षा लाभग्राहीको बैक खातामा निकासा दिने गरी कार्यविधि व्यवस्थित गरेकोमा पालिकाबाट समेत सोही बमोजिम लाभग्राहीको बैक खातामा नै निकासा दिएको छ । पालिकाले गोभौनं २३४ मिति २०७०।०२।३० मा श्री भोजराज भट्टराई र प्रेम बहादुर बगालेलाई मिति २०८०।०१।१९ देखि २०८०।०१।२३ सम्म वडाहरुमा सामाजिक सूरक्षा भत्ता वितरण गर्न गएको उल्लेख गरी रु. १०२०० दैनिक भ्रमण भत्ता र गोभौनं ५४ मिति २०७९।०७।२८ बाट सवारी साधन भाडा वापतको रु. २४००० भुक्तानी दिएको छ । नेपाल सरकारको नीति बमोजिम पालिकाले बैंक मार्फत लाभग्राहीको खातामा रकम निकासा दिएकोमा पुनः भत्ता वितरण गर्न वडामा गएको दैनीक भ्रमण भत्ता र भाडा भुक्तानी दिनु उपयुक्त देखिएन । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शिर्षकको अन्य विविध खर्चबाट वस्तीस्तरमा सहजीकरणको लागि खटाएको पालिकाले जनाएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३१ **पोषण कार्यक्रम** - पालिकाले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्दा संघ तथा प्रदेश सरकरबाट विनियोजन भएको कार्यक्रमा दोहोरो नहुने गरी कार्यक्रम तथा बजेट निर्माण गर्नुपर्दछ । तर कार्यालयले यस वर्ष पालिका श्रोततर्फ वडाको कार्यक्रममा समावेश गरी वडा नं. ५ ले सुत्केरीलाई घिउ तथा अण्डा वितरण गरी रु.१ लाख र वडा नं.४ ले १ लाख खर्च गरेको छ । तर पालिकाले पुनः संघीय सरकार हस्तान्तरित कार्यक्रमतर्फ पोषण कार्यक्रमतर्फ अण्डा वितरण गरेको भनी गोभौनं १८२ मिति २०८०।०१।२४ बाट रु.१०३८५५ खर्च गरेको छ । संघीय सरकारबाट कार्यक्रम तयार भएको अवस्थामा पालिका वडाले सोही प्रकृतीको कार्यक्रम राखी सोही सामाग्री वितरण गरेकोले पालिकाबाट निर्माण भएका कार्यक्रम संघीय कार्यक्रमसँग दोहोरो परेको देखिन्छ । पालिकाले संघ तथा प्रदेश सरकारसँग दोहोरो हुने गरि वितरण मुखी कार्यक्रम गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३२ **बढी भुक्तानी-** - सम्झौता अनुसार उपभोक्ता समितिको लागत सहभागिता तथा श्रमदानको अंश कट्टा गरी भुक्तानी गर्नुपर्दछ । संघीय सरकार हस्तान्तरित पुजिगतको, आमबोटे झोलुङ्गेपुल निर्माण समितिसँगको सम्झौता अनुसार रु.९२६४४२ को कार्य गरेपश्चात उपभोक्ता समितिले रु.८८४८३७ भुक्तानी पाउने देखिन्छ । उपभोक्ता समितिले रु.९५७२४५ को कार्य गरेकोमा अनुपातिक कट्टी गरी रु.९१४२५५ मात्र भुक्तानी पाउनेमा रु.९४६४९० भुक्तानी भएको छ । जसअनुसार रु.३२२३५ बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,२३५ |

३३ **मेसिनको प्रयोगमा मानिसको दर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । भवन निर्माण कार्यको नर्म्स नं. D४ मा मेसिनको प्रयोग गर्ने गरी नर्म्स स्वीकृत भएकोमा कार्यालयले D२ नर्म्स प्रयोग गरि १:१.५:३ को दर विश्लेषण गरेको छ ।संघीय हस्तानतरित गोभौ २६ मिति २०८०।०३।२२ बाट सिता माध्यामिक विद्यालय भवन निर्माणको कार्यमा मेसिन प्रयोग भएको सिमितले पेश गरेको विल भरपाई तथा समितिको माईनुटबाट देखिन्छ । तर

पालिकाले मेसिन प्रयोग गर्दाको दर प्रति घनमिटर रु.१३२२३ भुक्तानी दिनुपर्नेमा मान्छेको दर प्रतिघनमिटर रु.१५०९७ का दरले भुक्तानी दिएको छ । प्रति घनमिटर रु. १८५० का दरले ४३.२४ घनमिटर कंक्रीटीको कार्यमा रु. ७९११६ बढी भक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,११६ |

३४ **मेडपा कार्यक्रम** - गाउँपालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) तर्फ रु.४६ लाख ७ हजार र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्नेतर्फ रु.२२ लाख ९२ हजारसमेत गरी रु.२७ लाख ५९ हजार खर्च गरेको छ । जस अन्तर्गत २ जना सहजकर्ता व्यवस्थापन गरी यस वर्ष १० जनालाई एडभान्स सिलाई कटाई, ३३ जनालाई आधारभुत सिलाई कटाई, ६ जनालाई दुना टपरी, १ जनालाई कुखुरा पालन, २८ जनालाई डलकुसन, १७ जनालाई सरफ र साबुन उत्पादन, ८ जनालाई बेकरीज, १३ जनालाई होजियारी र ८ जनालाई जुत्ता चप्पल सम्बन्धी तालिम दिएको तथा प्रविधि हस्तान्तरण गरेको छ । आर्थिक वर्ष २०७७।७८ मा कुल ४२ जनालाई सोही प्रकृतीको तालिम दिएकोमा १७ जनाले मात्र लघुउद्यम कार्य गरेको अभिलेख लेखापरीक्षण क्रममा प्राप्त भएको छ । तर आर्थिक वर्ष २०७८।७९ मा ६२ जना तथा आर्थिक वर्ष २०७९।८० मा १२४ जनाले तालिम लिएकोमा १२४ उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ ।

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत २२ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई न्यूनतम ९१ दिन देखि ९८ दिन सम्म रोजगारी उपलव्ध गराई रु. ३६४२२५४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३६ **सामाजिम सुरक्षा**

३६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले बैङ्क

मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । सोही अनुसार वडाहरुलाई निकाशा भुक्तानी भएको रकम निम्नानुसार वितरण भइ कूल सामाजिक सुरक्षा भत्ता रु १२१५८३८१९ खर्च भएको देखियो ।

| बैंक/ वडा | | प्रथम त्रैमासिक वितरण | दोस्रो त्रैमासिक वितरण | तेस्रो त्रैमासिक वितरण | चौथो त्रैमासिक वितरण | जम्मा वितरण |
|---|---|---|---|---|---|---|
| बैंक | वडा नं. | | | | | |
| नेपाल बैंक | १ | ५१८९१७० | ५३५८९४२ | ५३६७४९७ | ५४०५८२६ | २१३२१४३५ |
| नेपाल बैंक | २ | २९८४४६७ | ३०११२३५ | ३००९२३० | ३०३७७४६ | १२०४२६७८ |
| नेपाल बैंक | ३ | २९९७३२५ | ३१७८७३५ | ३१५९२४२ | ३१७०४८५ | १२५०५७८७ |
| नेपाल बैंक | ४ | २५२८८२४ | २६६०३४४ | २६४५३५६ | २६४०८८९ | १०४७५४१३ |
| नेपाल बैंक | ५ | २८८८८०० | ३०४८०८३ | ३०६७३५९ | ३१०३७५६ | १२१०७९९८ |
| नेपाल बैंक | ६ | ५२५७५१७ | ५४७०२४४ | ५४८०४८० | ५५०३०४७ | २१७११२८८ |
| नेपाल बैंक | ७ | २७४७३७३ | २८३४९३६ | २८५७४१९ | २८७०१८० | ११३०९९०८ |
| नेपाल बैंक | ८ | १४८५५२४ | १५८२८०४ | १५७६४९९ | १५६२६१४ | ६२०७४४१ |
| नेपाल बैंक | ९ | ३३२४९०२ | ३४९२२७७ | ३५२७६३६ | ३५५७०५६ | १३९०१८७१ |
| जम्मा | | २९४०३९०२ | ३०६३७६०० | ३०६९०७१८ | ३०८५१५९९ | १२१५८३८१९ |

३६.२ सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण

गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ ।

३६.३ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३ (१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ । उपनियम १ बमोजिम त्रैमासिक प्रतिवेदन पठाउँदा पहिलो त्रैमासिक प्रतिवेदन कार्तिक ७ गतेभित्र दोस्रो त्रैमासिक प्रतिवेदन माघ ७ गतेभित्र, तेस्रो त्रैमासिक प्रतिवेदन बैशाख ७ गतेभित्र र चौथो त्रैमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक वर्षको साउन १५ गतेभित्र विभागले।तोके बमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **सम्वृद्धिको लागि वन** - यस कार्यक्रमको लागि संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रममा, दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रममा र आयोजना अनुगमन तथा मुल्याकंनमा गरी रु ३७००००० बजेट व्यवस्था भएकोमा संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि अन्तर्गत कम्प्युटर एवं कार्यालय सामाग्री र मोटरसाईकल खरिद, तालिम संचालन, आयोजना अनुगमन मुल्याङ्कन लगायतमा रु १२०७६३९ खर्च भएको छ । दिगो वन व्यवस्थापन तथा वृक्षारोपण तर्फ रु ७००००० बजेट व्यवस्था भएतापनी कार्यक्रम संचालन भएको पाइएन ।

३८ **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(क) मा सम्बन्धीत सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुने नसक्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिम परामर्शदाता सेवा लिएकोमा आफ्नो जनशक्तिबाट हुननसक्ने विषय खुलाएको छैन । अतः आफ्नै जनशक्तिबाट हुनसक्ने कार्यमा परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं मिति | विवरण | परामर्शदाताको नाम | रकम | |
|---|---|---|---|---|
| ६७०-०८०।३।१ | वास कार्ययोजना निर्माण | नव किरण नेपाल | ४९४००० | |
| ८१२-०८०।३।२२ | दिगो विकास लक्ष्य स्थानियकरण र व्यवस्थापन परिक्षण | युनिभर्सल डेभलमेन्ट सेक्टर एसिसटेन्ट प्रा ली | ४९७००० | |
| ८१४-०८०।३।२२ | घरेलु मदिरा व्यवस्थापन तथा ब्राण्डिङ कार्य | टप नेपाल इन्टरनेशनल प्रा लि | ४९१००० | |

| जम्मा | १४८२००० |
|---|---|

३९ **कार्यालय समयको वैठक भत्ता - -४...........** ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु. ८५०० ।- सम्परीक्षण गरिएको ।)***

| | असुल गर्नुपर्ने | ० |
|---|---|---|

४० **अनुगमन भत्ता -** बगनासकाली गाउँपालिका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी निर्देशिका २०७५ को ८.१ मा अनुगमन तथा सुपरीवेक्षणका पदाधिकारीहरुलाई पालिका स्तरीय योजनाहरुको अनुगमन गर्न जाँदा भत्ता उपलब्ध नहुने तर अनुगमन गरि वैठक बसी भुक्तानीको लागि सिफारिस गरे वापत गाउँपालिकाको प्रचलित नियम अनुसारको वैठक भत्ता उपलब्ध हुने उल्लेख छ । पालिकाले वडा स्तरिय र पालिका स्तरिय योजनाको अनुगमन गरे वापत गो भौ नं ४२२ मिति ०८०।३।२४ पुँजिगत शीर्षकबाट पदाधिकारी तथा कर्मचारीलाई रु २४८००० भत्ता वितरण गरेको पाइयो । यसरी भत्ता भुक्तानी गर्दा कार्यविधिमा उल्लेख भए अनुसार वैठक बसेको निर्णय पुस्तिका संलग्न नगरी अनुगमन प्रतिवेदनका आधारमा खर्च लेखेको छ । अतः निर्देशिका अनुसार विभिन्न योजनाहरु अनुगमन पश्चात योजना संख्याको आधारमा मितव्ययी हुने किसिमले वैठक वसी निर्णय एवं सिफारिस गरेको आधारमा मात्र खर्च लेखि खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

४१ **क्षयरोगतर्फ बढी खर्च** - स्थानिय तह कार्यक्रम संचालन मार्गदर्शन (शर्सत अनुदान मार्फत हस्तान्रित कार्यात्रम निर्देशिका २०७९।८० को क्षयरोग कार्यक्रम अन्तर्गत कम्न्युटी वेस कार्यक्रम संचालनमा ३.१ को नोटमा उपरोक्तानुसार खर्च गर्दा विनियोजित रकम र जम्मा विरामिको अधिकत्तम ४० प्रतिशत विरामिलाई दिइने रकम मध्ये जुन कम हुन्छ सोही अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं २९०-०८०।३।२१ बाट ७ वटा स्वास्थ्य चौकी मार्फत २१ जना क्षयरोग विरामीको पहिचान उपचार गरेको आधारमा रु २००० दरले रु ४२००० को ४० प्रतिशतले हुन आउने रकम १६८०० खर्च लेख्नुपर्नेमा रु ४२००० खर्च लेखि स्वास्थ्य चौकीमा पठाएकोमा बढी खर्च लेखेको रकम रु २५२०० दाखिला गर्नुपर्ने रु

| | असुल गर्नुपर्ने | २५,२०० |
|---|---|---|

४२ **अवलोकन भ्रमण** - वार्षिक योजना तथा कार्यक्रममै बजेट समावेश गरी गाउँपालिका र वडा कार्यालयका पदाधिकारी, कर्मचारीहरु विभिन्न धार्मिक तथा पर्यटकीय स्थलमा भ्रमण गरी खर्च लेखेको पाइयो । कार्यालयको कार्यसम्पादन संग सम्बधित नदेखिएको एवं धार्मिक तथा मनोरञ्जनात्मक मात्र देखिएकोले यसरी स्वीकृत बजेटमा नै समावेश गरी खर्च गर्नु उपयुक्त देखिएन । कार्यालयको कार्य सम्पादन र सेवा प्रवाहमा सकारात्मक परिवर्तन हुने विषय तथा कार्यक्रम छनौट गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| **गो भौ नं मिति** | **विवरण** | **भ्रमण स्थान** | **रकम** |
|---|---|---|---|
| ५१७-०८०।१।२५ | पदाधिकारी | मुस्ताङ्ग | ४२३४३५ |

| | | | |
|---|---|---|---|
| ४३४-०७९।१२।२६ | ३५ जना कर्मचारी अवलोकन भ्रमण | पर्वत स्याङ्जा पोखरा मुस्ताङ्ग | ४३०७४४ |
| ६३४-०८०।३।३ | कृषि समुह | पोखरा भ्रमण | १५०००० |
| जम्मा | | | १००४१७९ |

४३ **विद्युत महशुल अनुदान -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा गरीएको परीक्षणमा विभिन्न भौचर र मितिबाट गाँउकार्यपालिकको निर्णय बमोजिम पालिकाभित्र रहेका विभिन्न खानेपानी लिफ्टिङ्ग उपभोक्ता समितिहरुलाई विद्युत महशुलमा ६० प्रतिशत अनुदान दिई रु १६१४७०७ खर्च लेखेको पाईयो । उक्त समितिहरुले लाभग्राहीसंग खानेपानीको महशुल समेत लिने गरेकोमा समितिले लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने र पालिकाले दिएको अनुदानबाट नागरिकले प्राप्त गरेको सुविधा समेतलाई विश्लेषण गरी कार्यविधि बनाई खर्च लेख्नुपर्नेमा सो वेगर निर्णयको आधारमा मात्र खर्च लेख्नु उपयुक्त देखिएन ।

४४ **सवारी साधन भाडा -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययी किसिमले खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सम्भव भएसम्म किफायति र कम खर्चिलो बाटो वा साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकामा २ वटा चारपाङ्ग्रे सवारी साधन भएको अवस्थामा पालिकाले निम्नबमोजिम भौचरबाट सवारी साधान भाडामा लिई भुक्तानी गरेको उपयुक्त देखिएन । यसरी भाडामा लिदाँ भाडामा लिनुपर्ने आवश्यकता प्रयोजन उद्देश्य खुलाई, दर निर्धारण एवं सम्झौता समेत गरी मितव्ययीता अपनाउनु पर्दछ ।

| **गो भौ नं मिति** | **प्रयोजन** | **रकम** |
|---|---|---|
| ४४-०७९।६।१३ | नखुलेको | ५६००० |
| ५३-०७९।६।१४ | अध्यक्ष विभिन्न स्थानमा जादा | ७७००० |
| ८०९-०८०।३।२२ | वडाध्यक्ष वुटवल जादाँ | ९५०० |

| | | |
|---|---|---|
| ३९४-०७९।१२।०८ | कार्यालय प्रमुख बुटवल | ४५०० |
| ३९४-०७९।१२।०८ | अध्यक्ष पालिकाको विभिन्न स्थानमा जाँदा | ९००० |
| ३९४-०७९।१२।०८ | कार्यालय प्रमुख विभिन्न मितिमा ५ पटक बुटवल जाँदा | २२५०० |
| ३९४-०७९।१२।०८ | उपाध्यक्ष योजना अनुगमन | ६००० |
| ५९८-०८०।२।१७ | कार्यालय प्रमुख बुटवल | ५००० |
| ५९८-०८०।२।१७ | उपाध्यक्ष योजना अनुगमन | ५५०० |
| जम्मा | | १९५००० |

४५ **अनुदान वितरण -** कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७९ को परिच्छेद ५ को बुदाँ नम्बर ६ मा मागमा आधारित कृषि कार्यक्रममा समुह, सहकारी, निजी फर्म तथा व्यक्तीलाई विउविजन खरिद र उत्पादनमुलक कार्य गर्दा मागको आधारमा ५० प्रतिशत वा २०००० नबढ्ने गरी अनुदान दिन सकिने व्यवस्था छ । निम्नबमोजिमका वडा कार्यालयले अनुदान वितरण गर्दा एउटामा रु २०००० भन्दा वढी हुने गरी र दुइटामा शतप्रतिशत हुने गरी अनुदान वितरण गरी खर्च लेखेको छ । पालिकाले समुहलाई वितरण गरेकोले व्यक्तिगत तहमा हेर्दा कार्यविधि भित्रै रहने जनाएको छ । समुह भित्रको व्यक्तिलाई कार्यविधिमा उल्लेख भए अनुसार फरक नपर्ने गरी अनुदान दिएको सुनिश्चित गर्नुपर्दछ ।

| गो भौ नं मिति | लाभग्राही समुह सङख्या | वितरण | परिमाण | कुल खर्च | हुनुपर्ने अनुदानको अंश | भएको अनुदानको अंश | बढी अनुदान |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६७६-०८०।३।४ | ४ | आलु वितरण | ८००० केजि | २००००० | ८०००० (समूहको आधारमा) | १००००० | २००००० |
| ६८५-०८०।३।६ | ७ | विउविजन लगायत उत्पादन समाग्री | विभिन्न औषधि लगायत अन्य | १७५००० | ८७५०० | १७५००० | ८७५०० |
| ४५०-०७९।१२।३० | कृषक समुह | अदुवा विउ वितरण | 800 के जि | ८००००० | ४०००० | ८०००० | ४००००० |
| जम्मा | | | | | | | १४७५०० |

४६ **वितरणमुखी खर्च** - स्थानीय संचालन ऐन २०६४ को ७३(६) मा स्वीकृत वजेट तयार गर्दा नियमितता मितव्ययीता कार्यदक्षता प्रभावकारीता र औचित्य समेतलाई विचार गरी खर्च गर्नुपर्ने व्यवस्था छ । अत : पुजीं सिर्जना नहुने खालका वितरणमुखि खर्चलाई निरुत्साहित गर्दै स्थानिय तहले अधिकत्तम प्रतिफल दिने र पुँजी निर्माण हुने किसिमका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले विभिन्न कार्यक्रममा विभिन्न सामग्री वितरण गरी देहाय अनुसार रकम खर्च लेखे छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं मिति | कार्यक्रमको नाम | वितरण सामग्री | परिमाण | रकम |
|---|---|---|---|---|
| ६६७-०८०।०३।०१ | महिला लक्षित कार्यक्रम (वडा नम्बर ८) | कुर्सि वितरण | ४६ | २९९०० |
| ६६८-०८०।३।१ | दलित लक्षित कार्याक्रम | भाँडाँकुडा वितरण | | ९५९८१ |
| ७१०-०८०।३।१० | अपाङ्ग लक्षित कार्याक्रम व.नं५ | राइस कुकर वितरण | १६ | ४२४०० |

| | | | | |
|---|---|---|---|---|
| ७१०-०८०।३।१० | दलित लक्षित कार्यक्रम | मिक्सचर वितरण | १३ | ४२२५० |
| ७१०-०८०।३।१० | जेष्ठ नागरिक सम्मान कार्यक्रम | थर्मस वितरण | ३१ | २९४५० |
| ७२७-०८०।३।११ | लक्षित कार्यक्रम व.नं १ | प्लाष्टिक कुर्सी वितरण | ७६ | ४९४०० |
| ७२७-०८०।३।११ | लक्षित कार्यक्रम व.नं १ | भाडाँकुडाँ वितरण | | ३९९५० |
| ७३३-०८०।३।११ | दलित उत्थान कार्याक्रम | पोशाक वितरण | | ३७००० |
| ७७४-०८०।३।२० | दलित लक्षित कार्याक्रम | फिल्टर वितरण | ४१ | ४९२०० |
| ८४२-०८०।३।२४ | दलित लक्षित कार्यक्रम ७ | साडी वितरण | ५३ | ४०००० |
| ५७१-०८०।२।९ | मागमा आधारित दलित लक्षित कार्यक्रम | हटकेस वितरण | ३५ | ३३००० |
| ६०३-०८०।२१ | महिला लक्षित कार्याक्रममा | प्लाष्टिक कुर्सी र टेवल वितरण | ५४ कुर्सी<br>५ टेवल | ४९३५० |
| ६०४-०८०।२।२१ | पारीडाँडा सामुलायिक भवन | स्टिल टेबल र प्लाष्टिक कुर्सि वितरण | ५५ कुर्सी<br>१ टेबल | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| ६०६-०८०।२।२१ | अपाङ्ग लक्षित कार्याक्रम ४ | थर्मस वितरण | २८ | २५२०० |
| ६१३-०८०।२।२२ | जेष्ठ नागरिक सम्मान | ईलेक्ट्रिक जग वितरण | १६ | १६२४० |
| ६४३-०८०।२।२८ | जनजाति लक्षित कार्याक्रम | प्लाष्टिक कुर्सी वितरण | ७६ | ४९८०० |
| ४००-०८०।१२।९ | जेष्ठ नागरिक सम्मान कार्यक्रम १ | वाल्ट्रा थर्मस | ३३ | ४२९०० |
| ४०९-०८०।१२।१३ | जेष्ठ नागरिक सम्मान | थर्मस वितरण | ४६ | ४१००० |
| ०६८-०७९।६।२७ | तिज गित प्रतियोगिता तथा दर खुवाउने कार्यक्रम | | | |
| ६४-०७९।६।२५ | सहित्यीक पुस्तक प्रकाशन | | | ९७२२७ |
| ६३७-०८०।२।२५ | बुद्धशान्ति सामुदायिक विद्यालय शैक्षिक गुठी | शैक्षिक अनुदान | | ४६३०२ |
| जम्मा | | | | ९०६५५० |

४७ **सवारी साधन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ बमोजिम खर्च लेख्दा रित पुगेको वा नपुगेको भनि जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं मिति ६७९-०८०।३।५ बाट सामाजिक भत्ता वितरणको लागि कर्मचारी र नेपाल बैङ्कका कर्मचारीको लागि सवारी साधान भाडा लिई रु २२००० खर्च लेखेको पाइयो । सामाजिक सुरक्षा भत्ता वितरण पुर्ण रुपमा बैङ्किङ भै सकेकोमा यसरि सवारी साधन प्रयोग गरी खर्च लेखेको उपयुक्त देखिएन । पालिकाले वस्तीस्तरको शैक्षिक अवस्थालाई ध्यान दिई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुलाई सामाजिक सुरक्षा सम्बन्धी सहजीकरण गर्न खटाएको जनाएको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

४८ **फिल्ड भत्ता** -नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ७ मा पारित तलवी प्रतिवेदन अनुसार तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । संघीय सरकार हस्तान्तरित सशर्त कार्यक्रमतर्फ गाउँपालिका स्वास्थ्य तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नभएको तथा वार्षिक कार्यक्रममा कर्मचारीहरुको तलब, महंही भत्ता, स्थानीय भत्ता शिर्षक मात्र स्वीकृत भएको छ । जस अनुसार फिल्ड भत्ता पाउने देखिदैन । उक्त रकम पाउने आधार पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

| **क.सं.** | **कर्मचारीको नाम** | **विवरण** | **जम्मा** |
|---|---|---|---|
| १ | मन्दीरा आचार्य | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| २ | कमला कुमारी भट्टराई | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ३ | गिता देवी श्रेष्ठ | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ४ | सरस्वती आर्याल | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ५ | कमला राना | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ६ | टिकासरा चिदी | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ७ | डलिमाया राना | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ८ | लक्ष्मण ज्ञवाली | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ९ | लक्ष्मी खनाल | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |

| | | | |
|---|---|---|---|
| १० | चम्पा ज्ञवाली | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| ११ | थानीसरा गैरे | फिल्ड भत्ता वापत मासिक रु.२२५० का दरले १२ महिनाको | २७००० |
| जम्मा | | | २९७०००<br>० |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २,९७,००० |

४९ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले गाउँपालिका तर्फबाट रु.१२३७५६६ र संघीय सरकार सर्शतबाट रु.१२८९५०० समेत रु.२५२७०६६ को औषधि खरिद गरेको देखिन्छ। उक्त औषधिहरु स्वास्थ्य चौकीबाट माग भए अनुसार एकमुष्ट निकासि गरेको छ । साथै जिल्लाबाट के कति परिमाणमा औषधि प्राप्त भएको हो सोको विवरण पालिका PAMS मा देखीदैन । साथै स्वास्थ्य चौकीलाई वितरण भए अनुसार चौकीले औषधि खर्च तथा मौज्दात सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत देखिएन । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त औषधि तथा पालिकाबाट खरिद भएका औषधिको एकीकृत अभिलेख राखी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५० **ढुंगाको प्रयोग** - सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले संघीय हस्तान्तरित कार्यक्रम अन्तर्गत ठूलो पोखरामा आधारभुत स्वास्थ्य चौकीको निर्माण कार्य गरी गोभौनं १३ मिति २०८०।०१।०६ बाट समितिलाई रु.३१३६३६७ भुक्तानी दिएको छ । उक्त भुक्तानीको नापी कताब परीक्षण गर्दा आईटम नं.२६ मा ६६.८९ घनमिटर ढुंगाको पर्खाल भत्काउने कार्यको लागि प्रति घनमिटर रु.१५१५ का दरले भुक्तानी गरेको छ । उक्त पर्खाल भत्काउँदा निस्केको ढुंगाको प्रयोग सोलिङ्ग तथा वाल निर्माणमा गर्ने गरी लागत अनुमान तयार नगरी प्रति घनमिटर रु.२४५० का दरले ढुंगा खरिदको लागत अनुमान तयार गरी सोही दरमा भुक्तानी भएको छ । निर्माण स्थलको ढुगा अन्यत्र डिस्पोजल गरी नयाँ ढुगा खरिद गरेको विषयमा आश्वस्त हुन सकिएन । तसर्थ भत्तकाउँदा निस्कीएको ६६.८९ घनमिटर ढुंगा प्रविधिक पुष्टाई पेश हुनुपर्दछ । अन्यथा उक्त ६६.८९ घनमिटर ढुंगा प्रयोग भएको अवस्थामा प्रति घनमिटर रु.२४५० का दरले खरिद गरेको भनी दरविश्लेषणमा समावेशबाट भुक्तानी भएको रकम रु.१६३८८० असूल भई संघीय संचितको दाखिला हुनुपर्दछ ।

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १,६३,८८० |

५१ **ग्रेड रकम यकिन नभएको** - नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३७ मा कर्मचारीले एक वर्ष पूरा भएमा तोकीए बमोजिम तलब वृद्धि पाउने तथा तलबी प्रतिवेदन पारित हुनुपर्ने व्यवस्था गरेको छ । पालिकाले स्वास्थ्यतर्फ यस वर्ष देहायअनुसार ग्रेड रकम खर्च लेखेकोमा वर्ष भरी ३२ जना कर्मचारीहरु कार्यरत रहेको अवस्थामा समेत देहाय अनुसार मासिक रुपमा फरक फरक ग्रेड रकम भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नभएकोले कर्मचारीले पाउने ग्रेड रकम यकिन गर्न सकिएन। तसर्थ तालुक निकायबाट तलबी प्रतिवेदन परीत गरी ग्रेड रकम यकिन हुनुपर्दछ ।साथै वर्षभरी कर्मचारी संख्या सामन भएको अवस्थामा ग्रेड रकम वृद्धी हुनुपर्नेमा आर्थिक वर्षको प्रथम महिना भन्दा अन्तिम महिनामा घटी ग्रेड रकम खर्च लेखेकोले फरक परेको रकम को हिसाब गरी बढी भए नभएको य किन हुनुपर्दछ ।

| **क्र.सं.** | **महिना** | **कर्मचारी संख्या** | **ग्रेड रकम** | **अन्य** | **प्राविधिक ग्रेड** | **जम्मा** | **२०८० आषाढको तुलनामा फरक रकम** |
|---|---|---|---|---|---|---|---|
| १ | श्रावण | ४४ | ३५३०४८ | ७५३८ | २७३३२ | ३८७९१८ | २६४४१ |
| २ | भाद्र | ४२ | ३५१९५३ | ६५७० | २७३३२ | ३८५८५५ | २४३७८ |
| ३ | असोज | ४२ | ३४८२९८ | १७७८३ | २९६४८ | ३९५७२९ | ३४२५२ |
| ४ | कार्तीक | ४२ | ३१९४१६ | ६५७० | ३०२४४ | ३५६२३० | -५२४७ |
| ५ | मंसिर | ४२ | ३२४२२४ | ६५७० | ३०२४४ | ३६१०३८ | -४३९ |
| ६ | पुष | ४३ | ३३०८६६ | १७६८६ | ३०२४४ | ३७८७९६ | १७३१९ |
| ७ | माघ | ४३ | ३१९६१८ | ६५७० | ३०२४४ | ३५६४३२ | -५०४५ |
| ८ | फागुन | ४३ | ३२७१०१ | ६५७० | ३०२४४ | ३६३९१५ | २४३८ |
| ९ | चैत्र | ४३ | ३२९३५६ | ६५७० | ३०२४४ | ३६६१७० | ४६९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | बैशाख | ४३ | ३३२७५९ | ६५७० | ३०२४४ | ३६९५७३ | ८०९६ |
| ११ | जेष्ठ | ४३ | ३२४६६३ | ७४२३ | ३०२४४ | ३६२३३० | ८५३ |
| १२ | आषाढ | ४३ | ३२४६६३ | ६५७० | ३०२४४ | ३६१४७७ | ० |
| **जम्मा** | | **४३** | | | **३५६५०८** | **४४४५४६३** | **१०७७३९** |

५२ **निजी विद्यालय अनुगमन** - स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले पालिका भित्र रहेका ३० सामुदायिक विद्यालयको व्यवस्थापनको कार्य गर्ने गरेकोमा पालिका क्षेत्र भित्र रहेका ४ निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै उक्त निजी विद्यालयको शुल्क निर्धारण तथा सोको अनुगमन समेत पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अवस्था यकिन गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकीए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नुपर्दछ ।

५३ **सत्यापन** - कार्यक्रम कार्यान्वयन पुस्तिकाले दिवा खाजा, पाठ्यपुस्तक, पिसिएफ तथा निरन्तर विद्यार्थी मुल्यांकन, लगायतका रकम निकासा गर्दा विद्यालयले ई मिसमा प्रवृटी गरेको विद्यार्थीको संख्याको स्थलगत निरीक्षण गरी (सत्यापन) विद्यार्थी संख्या यकिन भए बमोजिम गर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विद्यालयहरुले ई मिसमा प्रविस्टी गरेको विद्यार्थी संख्या सत्यापन गरेको प्रमाण वेगर देहाय अनुसार रकम निकासा दिएको छ । विद्यालयबाट प्रविस्टी गरिएको विद्यार्थीको संख्या सत्यापन नगर्दा कुनै विद्यालयमा विद्यार्थी संख्या भन्दा घटी तथा कुनैमा बढी रकम निकासा हुने अवस्था सिर्जना हुन्छ । तसर्थ पालिकाले विद्यालयबाट ई मिसमा प्रविस्टी गरीएको विद्यार्थी संख्या यकिन गर्न स्थालगत अनुगमन गरी सत्यापन गर्ने कार्य गरी सत्यापनबाट प्राप्त विद्यार्थी संख्याको अधारमा मात्र निकासा दिनुपर्छ ।

| **क्र.सं.** | **वापत** | **विद्यार्थी संख्या** | **निकासा रकम** |
|---|---|---|---|
| १ | दिवा खाजा | १८१७ मध्ये १४१२ | ३६७५७८२ |
| २ | पाठ्यपुस्तक | ३१२८ | १३६५५१३ |
| ३ | पीसिएफ तथा निरन्तर मुल्यांकन | ३१२८ मध्ये ३०१२ | १५४०२५० |

५४ **अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिक २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१२ मा विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुष्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको विलभरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय स्थपनाका लागि देहाय अनुसार विद्यालयलाई निम्नानुसार रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा विद्यालयले विल बमोजिम खरिद गरे/नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पालिकाबाट अनुमगन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ ।

| क्र.सं. | विद्यालय | वापत | रकम |
|---|---|---|---|
| १ | बेद माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६४९९३४ |
| २ | दर्लामडाँडा माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६४९९८९ |
| ३ | सिता माध्यामिक विद्यालय | पुस्ताकालय व्यवस्थापन | ६४९९९१ |
| ४ | राम माध्यामिक विद्यालय | आईसिटी | ६४८०५५ |
| ५ | विष्णु माध्यामिक विद्यालय | आईसिटी | ५४०१४० |
| जम्मा | | | ३१३८१०९ |

५५ **पाठ्यपुस्तक** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.३.१ को ५ मा विद्यालयले ई मिसमा प्रविष्ठ गरेको विद्यार्थी संख्याको स्थालगत अनुगमन गरी सत्यापन गर्ने तथा सत्यापित विद्यार्थीको संख्याको आधारमा तेस्रो त्रैमासिकमा पाठ्यपुस्तक बापतको रकम हिसाब गरि ७५ प्रतिशत रकम अनुदान दिने र विद्यालयबाट प्राप्त विवरणको भरपाई तथा पुस्तक खरिदको विवरण अनुसार थप २५ प्रतिशत रकम निकासा दिने व्यवस्था गरेको छ । पालिकाले विद्यालयले पेश गरेको विलको आधारमा नपुग पाठ्यपुस्तको रकमबापत रु.३१८२७१ निकासा दिएकोमा देहाय अनुसार विद्यालयले ई मिसमा प्रविष्ठ गरेको विद्यार्थी संख्या भन्दा बढी परिमाणमा पाठ्यपुस्तक खरिद गरेको जनाई देहाय अनुसार रकम निकासा लिएको छ । शैक्षिक सत्र २०८० बैशाखमा सूरु हुने र सूरुमा २०७९को आाधारमा अनुदान दिने तथा २०८० को विद्यार्थि भर्ना संख्या विद्यालयबाट विल पेश अनुार नपुग निकासा दिने कार्यक्रम कार्यान्वन पुस्तीकाले उल्लेख भए अनुसार निकासा दिईएको र २०८० को EMIS अनुसार बढी निकासा नगएको पालिकाको भनाई रहेको छ । तसर्थ पालिकाले विद्यार्थि सैख्या सत्यापन गरी थप निकासा भए अनुसार पाठस्पुस्त वितरण भए नभएको अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालय | २०७९ ई मिसमा रहेकाविद्यार्थी संख्या | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | फरक रकम |
|---|---|---|---|---|---|
| १ | जनताप्रावि | १७ | ८५८६ | १८२५१ | ९६६५ |
| २ | ग्राम्यमावि | १४५ | ९१५१६ | १०९७४९ | १८२३३ |
| ३ | गंगादेवीप्रावि | २४ | १२६०८ | १५८१६ | ३२०८ |
| ४ | बसन्तप्रावी | २२ | ११५१० | १५८४० | ४३३० |
| जम्मा | | २०८ | १२४२२० | १५९६५६ | ३५४३६ |

५६ **स्थानीय पाठ्यक्रमको लागि पुस्तक** -पालिकाले शिक्षाको लागि विनियोजित बजेटबाट यस वर्ष देहाय अनुसार कक्षा २ र ३ को स्थानीय पाठ्यक्रमको १२६० सेट रंगिन पुस्तक छपाई गरी रु.६५४६०८ खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको ई मिस अनुसार कक्षा २ र ३ मा देहाय अनुसार ४९२ जना विद्यार्थी भएकोमा १२६० सेट पुस्तक छपाई गरी रु.६५४६०८ खर्च गरेको छ । जसअनुसार कुल विद्यार्थी संख्या भन्दा ७६८ थान बढी पुस्तक खरिद रु.४०१२४० बढी खर्च गरेको छ । पालिकाले दुई वर्षलाई पुग्ने संख्यामा पुस्तक खरिद गर्दा छपाई मुल्य कम पर्ने र उक्त पुस्तकहरु जिन्सी आम्दानी बाँधी राखिएकोले ई मिसमा भएको विद्यार्थी संख्याको आधारमा नै निकासी खर्च गर्ने गरिएको पालिकाको भनाई रहेको । तसर्थ पालिका ई मिसमा भएको विद्यार्थी संख्याको आधारमा पुस्तक छपाई गरी वितरण गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

| **भौचर** | **मिति** | **कक्षा** | **EMIS अनुसार विद्यार्थि संख्या** | **पुस्तक संख्या** | **रकम** |
|---|---|---|---|---|---|
| २९ | २०८०।०३।२४ | २ | २४० | ५३० | २५४५३२ |
| ११ | २०७९।१२।०८ | ३ | २५२ | ७३० | ४०००७६ |
| **जम्मा** | | | **४९२** | **१२६०** | **६५४६०८** |

५७ **स्यानिटरी प्याड** सेनीटरी प्याड व्यवस्थापन तथा वितरण सम्बन्धी कार्यविधि २०७६ को अनुसूची १ को ३ मा पालिकाले खरिद गर्ने स्नीटरी प्याडको साईज न्युनतम लम्बाई २४०±२०, चौडाई ६० देखि - ७५ एमएम र मोटाई १५±२ एमएम उल्लेख छ । पालिकाले यस वर्ष एन्जल हाईजिन म्यानुफ्याक्चरीङ्गबाट २८८ एमएम

लम्बाई भएको अल्ट्रा फ्रिडम सेनीटरी प्याड प्रति प्याकेट रु.८९.२७ का दरले रु.६२५७५० मा ७१५० पाकेट सोझै खरिद गरेको छ । उक्त सप्लायर्सले सार्वजनिक गरेको दररेट अनुसार २४० एमएम लम्बाईको अल्ट्रा फ्रिडमको दर प्रति पाकेट रु.६५, अल्ट्रा किल्यर चोईस २८८ एमएमको दर प्रति पाकेट ६० र अल्ट्रा फ्रिडम २८८ एमएमको दर प्रति प्याकेट रु.१०० उल्लेख छ । जसमध्ये कार्यालयले अल्ट्रा फ्रिडम २८८ एमएमको दर प्रति प्याकेट रु.१०० को लाई रेट नेगोसियसन गरी रु.८९.२७ मा खरिद गरेको छ । सबै छात्राहरुका लागि उपयुक्त हुने गरी कार्यविधिमा तोकीए बमोजिम न्युनतम मापदण्ड २४०±२० हुने गरी विभिन्न साईजका खरिद गर्नुपर्नेमा कार्यालयले २८८ को मात्र खरिद गरेकोले सबै छात्राहरुलाई हुने गरी २४० देखि २८८ एमएम साईजको खरिद गर्दा एकतर्फ बजेट खर्च समेत बचत हुने र प्रयोगमा सहता हुने देखिएकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

५८ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले विद्यार्थी शिक्षक अनुपात हिमाली क्षेत्रमा ३०, पहाडमा ३५ र तराई तथा उपत्यकामा ४० रहनुपर्ने उल्लेख गरेको छ । यस गाउँपालिका अन्तर्गत वाल विकास देखि १२ सम्मका ३० सामुदायिक विद्यालयहरुमा २२२ शिक्षक दरवन्दी र पदपूर्तिको भएकोमा विद्यार्थीको संख्या ३१२८ रहेको देखिन्छ । जसअनुसार शिक्षक विद्यार्थी अनुपात १:१४ रहेको छ । तसर्थ पालिकाले विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५९ **समितिबाट खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा निर्माण कार्य गराउदा वा सेवा प्राप्त गर्दा मितव्ययीता गुणस्तरीयता वा दिगोपना वा रोजगारी सिर्जना हुने भएमा उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । जस अनुसार उपभोक्ता समितिबाट मालसामान खरिद गर्न पाउने देखिदैन । तर पालिकाले देहाय अनुसार सामान खरिदका लागि उपभोक्ता समिति गठन गरि खरिद गरेको पाईयो । खरिद ऐनको नियमावलीमा भएको व्यवस्था विपरित उपभोक्ता समितिबाट खरिद गरेको नियमित देखिएन ।

| गोभौ | मिति | समितिको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| ३८६ | २०८०।०३।१७ | कालिका मन्दिर बेन्च निर्माण | जम सप्लायर्सबाट खरिद गरेको | ७४२०६ |
| ३८२ | २०८०।०३।१७ | बगनासकाली गोपाल्दी लिफ्ट खापा | परफेक्ट वाटर सप्लाईबाट नाँया विद्युत मोटर खरिद | १६५२२७ |
| ३४ | २०७९।१०।०९ | नायर नम्तलेस लिफ्ट खापा | श्री विनाय सप्लार्यबाट मोटर खरिद | ८७७९२ |
| | | | | ३२७२२५ |

| |
|---|
| प्रमाण पेश नगरेको |

६० **उपभोक्ता समितिबाट जटील कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लिफ्ट खानेपानी, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| **भौचर** | **मिति** | **योजना तथा समिति** | **कार्य** | **कार्यसम्पन्न रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| स ३६ | २०८०।०३।२२ | सिता माध्यामिक विद्यालय भवन निर्माण | आरसिसि तथा ट्रस भवन | २७३२९३३ | २३७५००० |
| स १३ | २०८०।०१।०६ | ठूलो पोखरा आधारभूत स्वास्थ्य केन्द्र | आरसिसि भवन | ३७०४०९९ | ३१३६३६७ |
| **जम्मा** | | | | **६४३७०३२** | **५५११३६७** |

६१ **हेभी मेसिन प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरे बमोजिम नै मेसिन उपकरण प्रयोग गर्ने गरेको पाइयो । यसका केही उदाहरणहरु यसप्र कार रहेका छन :

| **गोभौ** | **योजना/उपभोक्ता समिति** | **वापत** | **निर्माण व्यवसायी** | **निर्माण व्यवसायी को विल रकम** | **कार्य सम्पन्न रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६० | मौरे दोबाटो मोबा | सडक निर्माण | अंजना निर्माण सेवा | ९०००० | ८३९१७ | ७१९७६ |
| २५३ | चण्डीस्थान कमेरो विसाउना कालेडाँडा मोबा | सडक निर्माण | विएम कन्ट्रक्सन | ४८७०३० | ६११०५८ | ५३०२१५ |
| १७६ | धार्स मोबा | सडक निर्माण | रम्भादेवी कन्ट्रक्सन | १०२२०८ | ११०२१० | ९५५८० |
| १६६ | चौपारी टुटङ्ग लिफ्ट खापा जाने बाटो | सडक निर्माण | रम्भादेवी कन्ट्रक्सन | १६६६१८ | १६६२९२ | १४५०५३ |
| १६३ | सिर्खा फुक्टुङ्ग मोबा | सडक निर्माण | ब्रह्मा विष्णु महेश्वर कन्ट्रक्सन | १७८३५१ | २२८३८७ | १९३८६३ |
| १५९ | लाम्टाङ्गे टोल मेहलपोखरी मोबा | सडक निर्माण | विएम कन्ट्रक्सन | १९४३६० | २२१०४० | १८९००० |
| ६२ | गुडुवाखोला तिनछाऊ अधुरो मोबा | सडक निर्माण | अंजना निर्माण सेवा | २२२०११ | २१६७५६ | १८१२०८ |
| २२ | रेले पुरानोधारा टिम्ले मोबा | सडक निर्माण | अंजना निर्माण सेवा | २२००४९ | २१९८४२ | १९२७४४ |
| २८ | मौवाखर्क टारी मोबा | सडक निर्माण | अंजना निर्माण सेवा | २२१५९३ | २२११३६ | १९२७५० |
| जम्मा | | | | १८८२२२० | २०७८६३८ | १७९२३८९ |

६२ **उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सिप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले निम्नानुसार निर्माण व्यवसायीबाट कार्य गराई सम्झौता अनुसारको रकम भुक्तानी दिएको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटील प्रकृतीका निर्माण कार्यहरु प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

| **गोभौ** | **योजना/उपभोक्ता समिति** | **निर्माण व्यवसायी** | **निर्माण व्यवसायी को विल रकम** | **कार्य सम्पन्न रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| ३८५ | महछाप मोटरबाटो स्तरउन्नती र सफाई | ब्रह्मा विष्णु महेश्वर कन्ट्रक्सन | २२४०११ | २२४३२३ | १९१४५९ |
| ३५८ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | ब्रह्मा विष्णु महेश्वर कन्ट्रक्सन | ३१०७५९ | ३१०७४४ | २७९६७० |
| ३४८ | बर्खाको बाटो सोरसार योजना | ब्रह्मा विष्णु महेश्वर कन्ट्रक्सन | १०५६३९ | ११३४०५ | ९१००४ |
| १६६ | चौपारी टुटङ्ग लिफ्ट खापा जाने बाटो | रम्भादेवी कन्ट्रक्सन | १६६६१८ | १६६७६३ | १४५०५३ |
| ८० | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | घिमिरे कन्ट्रक्सन | १६००२० | १६०१४२ | १३८९२३ |
| ५३ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | ब्रह्मा विष्णु महेश्वर कन्ट्रक्सन | ३३५५४० | ३३१६१२ | २८९०८७ |
| ४१ | ७ नं. वडा सबै बाटोहरु मोबाहरु सफाई | माडी बगनासकाली सप्लायर्स | १५२५५० | १६४२८४ | १४३१३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | वडा स्तरीय मोटरबाटो मर्मत तथा सोरसार | रम्भादेवी कन्ट्रक्सन | १३२७१८ | २२०५८८ | १९३२२२ |
| ३५ | बराङ्गदी मोबा सफाई | ब्रह्मा विष्णु महेश्वर कन्ट्रक्सन | १८७०४९ | १६५८८४ | १४४७०० |
| २३ | ९ नं. वडा सबै बाटोहरु मर्मत | घिमिरे कन्ट्रक्सन | ४४७२०० | ४४६३०८ | ३८८००० |
| २० | ३ नं. वडा सबै बाटोहरु मर्मत | रम्भादेवी कन्ट्रक्सन | ३३४०८४ | ३३००८९ | २८७६०० |
| १८ | ७ नं. वडा सबै बाटोहरु मर्मत | रम्भादेवी कन्ट्रक्सन | ५४३०७८ | ६६६७६९ | ५७६५९५ |
| जम्मा | | | ३०९९२६६ | ३३००९११ | २८६८४५२ |

६३ **पहिरो सफाई** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा लाभग्राही समुदायमा मर्मत संभार सहित हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट गर्न पाउने व्यवस्था छ । पालिकाले गत विगत देखि नै वार्षिक कार्यक्रम तयार गरी सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराउने तथा योजना सम्पन्न भए पश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । जसबाट उपभोक्ता समितिले निर्माण गरेका सडक योजनामा प्रत्येक वर्ष पहिरो सफाई तथा स्तरउन्नती कार्यको लागि भनी बजेट व्यवस्था गरी खर्च गर्दै आएको देखिन्छ । पालिकाले यस वर्ष पनि देहाय अनुसारका सडकहरुमा पहिरो सफाई कार्य गर्न पुनः उपभोक्ता समिति गठन गरी निम्नानुसार खर्च गरेको छ । तसर्थ लाभग्राही समुदायलाई हस्तान्तरण नहुने तथा मर्मत संभारको जिम्म नरहने योजनाहरु उपभोक्ता समितिबाट वर्षेनी संचालन गरी पुनः मर्मत तथा सफाई खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| **गोभौ** | | **योजना/उपभोक्ता समिति** | **निर्माण व्यवसायीको विल रकम** | **कार्य सम्पन्न रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| ३८५ | २०८०।०३।१७ | महछाप मोटरबाटो स्तरउन्नती र सफाई | २२४०११ | २२४३२३ | १९१४५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५८ | २०८०।०३।०७ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | ३१०७५९ | ३१०७४४ | २७९६७० |
| ३४८ | २०८०।०३।०४ | बर्खाको बाटो सोरसार योजना | १०५६३९ | ११३४०५ | ९१००४ |
| १६६ | २०७९।१२।३० | चौपारी टुटङ्ग लिफ्ट खापा जाने बाटो | १६६६१८ | १६६७६३ | १४५०५३ |
| ८० | २०७९।११।०४ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | १६००२० | १६०१४२ | १३८९२३ |
| ५३ | २०७९।१०।१८ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | ३३५५४० | ३३१६१२ | २८९०८७ |
| ४१ | १०७९।१०।१२ | ७ नं. वडा सबै बाटोहरु मोबाहरु सफाई | १५२५५० | १६४२८४ | १४३१३९ |
| ३९ | १०७९।१०।१२ | वडा स्तरीय मोटरबाटो मर्मत तथा सोरसार | १३२७१८ | २२०५८८ | १९३२२२ |
| ३५ | १०७९।१०।१० | बराङ्गदी मोबा सफाई | १८७०४९ | १६५८८४ | १४४७०० |
| HQ ३३ | १०७९।१०।०९ | ६ नं. वडा सबै बाटोहरु मर्मत | ७३६८२ | ७३६८२ | ७३६८२ |
| २३ | २०७९।०९।२० | ९ नं. वडा सबै बाटोहरु मर्मत | ४४७२०० | ४४६३०८ | ३८८००० |
| २० | २०७९।०९।१७ | ३ नं. वडा सबै बाटोहरु मर्मत | ३३४०८४ | ३३००८९ | २८७६०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | २०७९।०९।१४ | ७ नं. वडा सबै बाटोहरु मर्मत | ५४३०७८ | ६६६७६९ | ५७६५९५ |
| जम्मा | | | ३१७२९४८ | ३३७४५९३ | २९४२१३४ |

६४ **सब ग्रेड गर्ने कार्य**-स्टाण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ (संशोधन २०७५) मा सब ग्रेडको परिमाण गणना गरी भुक्तानी दिदाँ सब बेस भएको परिमाण समेत यकिन गर्ने र सब बेस तथा बेसको कार्य बेगर सबग्रेडको रकम भुक्तानी नदिने व्यवस्था गरेको छ । सब बेस तथा बेसको कार्य नगरी सब ग्रेडको रकम भुक्तानी दिदाँ उक्त सडकमा सवारीसाधन संचान हुदाँ बिग्रने र वर्षाको पानी लगायतले समेत उक्त सब ग्रेड विग्रने हुन्छ । पालिकाले यस वर्ष देहाय अनुसार योजनामा सब ग्रेड मात्र तयार गरेको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । उक्त योजनाहरुमा सब ग्रेट तयार गरेको कार्य वर्षाको कारण विग्रीयको पालिकाले श्रेस्तामा राखेको केही योजनाको फोटोहरुबाट समेत देखिन्छ । साथै पालिकाले प्रत्येक वर्ष उक्त सब ग्रेडको कार्य समितिमार्फत गराउँदै आएको समेत जानकारी दिएको छ । तसर्थ वार्षिक रुपमा सब ग्रेड तयार गरी खर्च लेख्दा श्रोतमाथिको व्ययभार मात्र भएको अवस्था छ । तसर्थ पालिकाले सब बेस तथा बेस सहितको सब ग्रेडको काम गराउने तर्फ ध्यान दिई सबग्रेड मात्र गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| **गोभौ** | **मिति** | **योजना/उपभोक्ता समिति** | **कुल कार्य भएको** | **भुक्तानी रकम** | **सब ग्रेड मात्र** |
|---|---|---|---|---|---|
| ३८५ | २०८०।०३।१७ | महछाप मोटरबाटो स्तरउन्नती र सफाई | २२४३२३ | १९१४५९ | १२०६८० |
| ३५८ | २०८०।०३।०७ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | ३१०७४४ | २७९६७० | ११७४०४ |
| ३४८ | २०८०।०३।०४ | बर्खाको बाटो सोरसार योजना | ११३४०५ | ९१००४ | ४१८०७ |
| १६६ | २०७९।१२।३० | चौपारी टुटङ्ग लिफ्ट खापा जाने बाटो | १६६७६३ | १४५०५३ | ७४५३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | २०७९।११। ०४ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | १६०१४२ | १३८९२३ | १६०१४२ |
| ५३ | २०७९।१०। १८ | वर्षा समय पछिको मोबा मर्मत तथा सफाई | ३३१६१२ | २८९०८७ | २८३५९८ |
| ४१ | १०७९।१०। १२ | ७ नं. वडा सबै बाटोहरु मोबाहरु सफाई | १६४२८४ | १४३१३९ | ७२४७६ |
| ३९ | १०७९।१०। १२ | वडा स्तरीय मोटरबाटो मर्मत तथा सोरसार | २२०५८८ | १९३२२२ | ८९४३५ |
| ३५ | १०७९।१०। १० | बराङ्गदी मोबा सफाई | १६५८८४ | १४४७०० | ५२२१६ |
| HQ ३३ | १०७९।१०। ०९ | ६ नं. वडा सबै बाटोहरु मर्मत | ७३६८२ | ७३६८२ | ७३६८२ |
| २३ | २०७९।०९। २० | ९ नं. वडा सबै बाटोहरु मर्मत | ४४६३०८ | ३८८००० | २०२०८७ |
| २० | २०७९।०९। १७ | ३ नं. वडा सबै बाटोहरु मर्मत | ३३००८९ | २८७६०० | २३२७७९ |
| १८ | २०७९।०९। १४ | ७ नं. वडा सबै बाटोहरु मर्मत | ६६६७६९ | ५७६५९५ | २६२६६८ |
| जम्मा | | | ३३७४५९३ | २९४२१३ ४ | १७८३५०६ |

६५ **सहकारी संस्था छनौट** - गाउँपालिका अनुदान वितरण सम्बन्धी कार्यविधिमा सिमितको पहुँच हुने गरी कार्यक्रम स्वीकृत गर्न नपाईने व्यवस्था छ । पालिकाले वार्षिक कार्यक्रममा देहाय अनुसार संस्थाको लागि कम्प्युटर

खरिदका लागि रकम तोकी रकम खर्च लेखेको छ । अनुदान वितरण सम्बन्धी कार्यविधि प्रतिकुल हुने गरी छनौटको आधार वेगर संस्था तोकी अनुदान दिने कार्यमा सुधार गरेको प्रमाण सहित नियमित हुनुपर्दछ ।

| **क्र.सं.** | **संस्थाको नाम** | **वापत** | **रकम** |
|---|---|---|---|
| १ | शिवासन कृषि सहकारी संस्था लिमिटेड | कम्प्युटर खरिद | ५०००० |
| २ | मालारानी कृषि तथा पशु सहकारी संस्था लिमिटेड | कम्प्युटर खरिद | ५०००० |
| | | | १००००० |

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

६६ **नापी किताब -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्रीहरू जडान गरी नापी किताब तयार गर्नुपर्दछ । पालिकाले गोभौनं ३७८ मिति २०८०।०३।१२ बाट १.५X१X१ को १०० थान, २ X१X१ को १०० थान र ३X१X१ को ६० थान गरी कुल २६० थान ग्याविन जालि रु.९९७७९० मा खरिद गरि भुक्तानी दिएको छ । उक्त ग्याविन जालिहरु वडाको सिफारिस तथा प्रमुखको तोक आदेश अनुसार वितरण हुने गरेको देखिन्छ । जालीहरु प्रयोग भएको देखिने प्राविधिक मुल्यांकन कार्यालयबाट भएको नदेखिएकोले नापी किताब पेश हुनुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९७,७९० |

६७ **दर विश्लेषण -** सडक तथा पुल निर्माण नर्म्स २०७५ ले लागत अनुमान तयार गर्दा म्यान पावर र मेटेलियल ईन्पुट नर्म्सबाट लिने तथा स्थानीय निर्माण सामाग्रीहरुको दर कलेक्सन र जिल्ला दररेट बीच तुलना गरी मितव्ययी हुने गरी गुणस्तरमा फरक नपर्ने गरी जुन दर प्रयोग गर्दा श्रोतमाथिको व्यायभार कम हुन्छ सोही दरलिई विश्लेषण गर्न सक्ने गरी कलेक्सनको नर्म्स पनि व्यवस्था गरेको छ । पालिकाले यस वर्ष संचालन गरेको केही योजनामा स्थानीय कलेक्सन दर प्रयोग गरि सोही आधारमा दरविश्लेषण गरी भुक्तानी दिएकोमा निम्नानुसार योजनामा जिल्ला दर अनुसार खरिद गर्ने गरी लागत अनुमान तयार तथा भुक्तानि गरेको छ । स्थानीय सामाग्री कलेक्सन गर्दा ढुंगा, गिटी तथा बालुवा प्रतिघनमिटर रु.१७०० सम्म पर्नेमा पालिकाले जिल्ला दररेट अनुसार रु.२४५०, ३३०० र ३४०० प्रयोग गरेको छ । नमुना छनौटमा परेका मध्ये पालिकाले देहाय अनुसार योजनामा क्रसरको गिट्टी वालुवा प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले खोला निर्माण सामाग्री (मिस्कट) प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ । खोलाको तथा पालिका भित्रको स्थानीय निर्माण सामाग्री प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ ।जसबाट निर्माण सामाग्री क्रसरबाट खरिद गरेको दरमा भुक्तानी दिन मिल्ने देखिएन । तसर्थ कलेक्सन, रोयल्टी तथा ढुवानी समेत गरि रु.१७०० को दर राखि दर विश्लेषण नगरी जिल्लाको क्रसरको दर राखी विश्लेषण गर्दा देहायअनुसार प्रतिघनमिटर रु.२१६० का दरले बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| गोभौ | मिति | योजना/उपभोक्ता समिति | गिट्टी, वालुवाको परिमाण | बढी दर | रकम |
|---|---|---|---|---|---|
| प्र २४ | २०८०।०१।२५ | स्वामितुङ्गण गाहा डाँडा मोटरबाटो | ५५.४७ | २१६० | ११९८१५ |
| प्र १२ | २०७९।१२।०८ | दैतालुङ्ग पचासे बुद्धखोला कालीगण्डकी मोबा | ५३.२६ | २१६० | ११५०४२ |
| प्र ९ | २०७९।१२।०१ | गुडुवाखोला मोटरबाटो | १५.२७ | २१६० | ३२९८३ |
| | | | ३४.५ | ८२५ | २८४६३ |
| जम्मा | | | | | २९६३०३ |
| | | | | असुल गर्नुपर्ने | २,९६,३०३ |

६८ **कर्मचारीलाइ सोधभर्ना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चीस हजार रुपयाँ भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा देहाय अनुसारका कारोवारहरुको परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयी चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका सचिव लगाएतका कर्मचारीहरुले सामान खरिद तथा अनुगमन गर्न जादाको गाडीभाडा वडा सचिवले नै भुक्तानी लिएको पाईयो । साथै भुक्तानी लिने पदाधिकारी तथा कर्मचारीहरुले आपुर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाईएन । जसबाट एकातर्फ खरीद कार्यमा प्रतिपर्धा समिति हुन पुगेको छ भने अर्को तर्फ पदाधिकारी तथा कर्मचारीहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखीदैन । अनुगमन गरी नियन्त्रण गर्नुपर्ने व्यक्तीले नै भुक्तानी लिने तथा सामानहरु पालिकाको मूल जिन्सीमा समेत दाखिला नभई सम्बन्धीत वडामा मात्र दाखिला हुने गरेको देखियो। तसर्थ एकाउण्टपेयी चेक मार्फत सम्बन्धीत आपुर्तक वा सेवा प्रदायकको नाममा नै भुक्तानी गर्नुपर्दछ।

| **गोभौ** | **मिति** | **वापत** | **भुक्तानी लिने** | **रकम** |
|---|---|---|---|---|
| ४०१ | २०८०।०३।२१ | वडा कार्यालय झ्याढोका मर्मत तथा वाईरिङ्ग | वडा सचिव श्री गोपाल प्रसाद न्यौपाने | ७६००० |
| ३७५ | २०८०।०३।११ | न्यु केसी सप्लायर्सबाट फोहोर मलाई डस्डबिन | वडा सचिव श्री गोपाल प्रसाद न्यौपाने | ४१०४० |

| | | | | |
|---|---|---|---|---|
| २६२ | २०८०।०२।०५ | वडा कार्यालय मर्मत व्यवस्थापन | वडा सचिव श्री युवराज पाण्डे | ४८५०० |
| १९३ | २०८०।०१।०८ | वडा कार्यालयमा खानेपानी व्यवस्थापन सम्बन्धी निर्माण | वडा सचिव श्री तिलक बहादुर कुचा | ७९१९६ |
| जम्मा | | | | २४४७३६ |

६९ **स्काफोल्डीङ्ग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्य अन्तरगत स्टोन मेसिनरी वालको कार्य गर्दा सामान्य तया ४ फिट भन्दा कम उचाईमा स्काफोल्डीङ्ग आवश्यक नपर्नेमा ४ फिट उचाई भएको वालमा समेत स्काफोल्डीङ्ग सहितको दर प्रयोग गरी देहाय अनुसार योजनामा बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने हुदाँ देहाय अनुसार योजनामा बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| **गोभौ** | **मिति** | **योजना/उपभोक्तासमिति** | **परिमाण** | **स्काफोल्डीङ्गकोदर** | **रकम** |
|---|---|---|---|---|---|
| १९१ | २०८०।०१।०८ | फूयाल गाउँ मोटरबाट उस | २१.३६ | ४६३. | ९८८९.६८ |
| स२६ | २०८०।०२।०४ | चापपानीफुक्टुङ्ग बझादी मोवा | ७.४५ | ४४४. | ३३०७.८ |
| जम्मा | | | २८.८१ | | १३१९७.४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,१९८ |

७० **दोहोरो भुक्तानी** - सडक तथा पुल निर्माण नर्म्स २०७५ को नर्म्स नं. २००० मा सडक क्षेत्रको कंक्रीटीङ्गको कार्यको दर विश्लेषण गर्दा फर्म वर्क वापत एकमुष्ट ४ प्रतिशत रकम राखि विश्लेषण गर्नुपर्ने व्यवस्था छ । पालिकाले पनी सोही अनुसार मटेरियल कस्टको ४ प्रतिशत फर्म वर्कको रकम राखि दर विश्लेषण गरेकोमा

सोही कार्यमा पुनः छुट्टै आईटमको रुपमा फर्म वर्कको भुक्तानी दिएकोले देहाय अनुसार योजनामा फर्मवर्कको दोहोरो भुक्तानी भएको छ । उक्त दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

| **गोभौ** | **मिति** | **योजना/उपभोक्तासमिति** | **परिमाण** | **स्काफोल्डीङ्ग कोदर** | **रकम** | |
|---|---|---|---|---|---|---|
| २१० | २०८०।०१।१४ | बझपरी चिउरीबोट देखि कनौजटोल बाटो | १०८.४८ | २००.८६ | २१७८९.२९ | |
| १८६ | २०८०।०१।०७ | बरमेली टोलमोरबाटो | ४३.६८ | २००.८६ | ८७७३.५६ | |
| १२० | २०७९।१२।०७ | पोखरा देखिसूर्यको घरहुदै करीडोर जोडने सडक | ११.२ | ६९९.९५ | ७८३९.४४ | |
| | | | | | ३८४०२ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,४०२.२९ |

७१ **बढी परिमाण** - सडक तथा पुल निर्माण मापदण्ड २०७३ ले भिरालो तथा स्लोप भएको स्थानमा कटीङ्गको कार्य गर्दा क्रससेक्सन ड्रईङ्ग तयार गरी परिमाण गणना गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले गोभौ ३०५ मिति २०८०।०२।२२ बाट आमडाँडा अधुरो मोटरबाटो निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु.१९४००० भुक्तानी दिएको छ । उक्त भुक्तानीको लागि तयार गरेको नापी परीक्षण गर्दा भिरालो वा स्लोप भएको स्थानको परिमाण गणना गर्दा LxBxH गरेको छ । तर भिरालो वा स्लोप भएको स्थानमा बक्स कटीङ्ग हुने गरी परिमाण गर्न नहुनेमा कार्यालयले बक्स कटिङ्ग भएको भनी ४३७.६० घनमिटर परिमाण गणना गरेको छ । उक्त स्थान स्लोप एरिया गणना गर्दा ३०४.८ घनमिटर मात्र कार्य भएको देखिएकोले १३२.८ घनमिटर बढी परिमाण गणना भई प्रति घनमिटर रु.५१५.५१ का दरले रु.६८४१२ बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,४१२ |

७२ **मेसिनमा मान्छेको दर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ । कार्यालयले गोभौ १८६ मिति २०८०।०१।०७ बाट बरमेली टोल मोटरबाटो समितिलाई रु.२६०७८० भुक्तानी गरेको छ । उक्त भुक्तानीको नापी तथा मुल्यांकन परीक्षण गर्दा कार्यको विवरणमा मेसिन प्रयोग गर्ने उल्लेख गरेकोमा मान्छेले कार्य गर्दा लाग्ने दर रु. ५१५.५१ राखि

भुक्तानी दिएको छ । मेसिनको दर ६३.५४ रहेकोमा मान्छेको दरबाट भुक्तानी भएकोले ७६.८३ घनमिटरमा रु.३४७२५ बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,७२५ |

७३ **सडक निर्माणमा भवनको दर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ ।सडक संरचना निर्माणको लागि नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७५।०४।२५ मा सडक तथा पुल निर्माण नर्म्स २०७५ स्वीकृत भएको छ । पालिकाले सडक निर्माण कार्य अन्तरगत देहाय अनुसारको कार्यको लागि सडकको नर्म्स प्रयोग गरी निम्नानुसार दर विश्लेषण गरेकोमा उक्त दरको प्रयोग नगरी भवन तर्फको दर प्रयोग गरेको कारण निम्न योजनामा निम्नानुसार रकम बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| गोभौ | मिति | योजना/उपभोक्ता समिति | कार्य | परिमाण | प्रयोग गर्नुपर्ने दर | प्रयोग दर | बढी दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ३६३ | २०८०।०३।०८ | ठूलोपोखरा ठूलाचौर ठाडो मोबा पक्की ढलान | पिसिसि एम २० | १६.५ | ११३९२.४ | १५०९७. | ३७०४.६ | ६११२५.९ |
| ३४१ | २०८०।०३।०३ | मोटरबाटो स्तरउन्नती तथा सोरसार | पिसिसि एम २० | ५.०२ | ११३९२.४ | १५०९७. | ३७०४.६ | १८५९७.१ |
| | | | पिसिसि एम १५ | ११.१७ | १०४७७. | १२१४९. | १६७२. | १८६७६.२ |
| ३३० | २०८०।०२।०३ | विष्णु मावि देखि देवन्ते खण्ड पक्की नाला | स्टोन १:४ | १९.३ | ९८६८. | १०४५७. | ५८९. | ११३६७.७ |
| | | | पिसिसि एम १५ | १८.०८ | १०४७७. | १२१४९. | १६७२. | ३०२२९.८ |
| | | | पिसिसि एम २० | २.०१ | ११३९२.४ | १५०९७. | ३७०४.६ | ७४४६.२ |
| १९१ | २०८०।०१।०८ | फूयाल गाउँ मोटरबाट उस | स्टोन १:४ | २१.३६ | ९८६८. | १०४५७. | ५८९. | १२५८१. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४८ | २०७९।१०।१७ | बसाहा भञ्ज्याङ्ग सिरान र धर्कपथ स्तरउन्नती | पिसिसि एम १० | ३.०६ | ७८९७ | १११०७ | ३२१०.३ | ९८२३.५ |
| | | | पिसिसि एम २० | ७.६५ | ११३९३ | १५०९७ | ३७०४. | २८३३५.६ |
| १८८ | २०८०।१०१।०७ | आर्यभञ्ज्याङ्ग पार्टी प्यालेस पार्कीङ्ग निर्माण | पिसिसि एम २० | ९.७१ | ११३९३ | १५०९७ | ३७०४. | ३५९६५.८ |
| १९६ | २०८०।१०१।१० | भयरस्न गैराबारी मोबा | पिसिसि एम १५ | ५.९८ | १०४७७. | १२१४९. | १६७२. | ९९९८.६ |
| २८३ | २०८०।१०२।१६ | छथिवन सुनीताको धर मुनी वाल निर्माण | स्टोन १:४ | १४.७२ | ९८६८. | १०४५७. | ५८९. | ८६७०.१ |
| | जम्मा | | | १३४.५६ | | | | २५२८१७.५ |
| | | | | | | | असुल गर्नुपर्ने | २,५२,८१७.५ |

७४ **असुली गर्न बाँकी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायीबाट रु. ९०८६५ असुल गर्ने बाँकी रहेको छ । सम्झौता गर्दा बैंक ग्यारेन्टी लिएर मात्र गर्नुपर्नेमा २०७९।६।२१ मा बैंक जमानत सहित सम्झौता गर्न आउने उल्लेख गरी पत्राचार गरेतापनी बैंक जमानत नलिई सम्झौता गरेको कारण उक्त रकम उठ्न बाँकी देखिन्छ । उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु

| **क्र.सं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| १ | न्यू प्रनिसा फ्रेस हाउस | रानीघाट पार्किङ | १२०००० | ७९६७५ | ४०३२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | दाउन्ने स्क्याब सेन्टर | कवाडी संकलन | १०१००० | ५०५५० | ५०५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,८७५ |

७५ **सामुदायिक वनबाट आय -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ३३ सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

७६ **आन्तरिक आय**

७६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदान रु ३८०९६१७३७ प्राप्त गरेकोमा आन्तरिक आय रु ६८३७६३५ रहि केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको हिस्सा १.८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७६.२ ढुङ्गा गिट्टि वालुवाको राजश्व संकलन गर्ने प्रयोजनका लागि गरीएको वातावरणिय अध्ययन प्रतिवेदनले कालीगण्डकी नदीको विभिन्न ८ स्थानमा ८७९४२८ घनफिट उत्खनन गर्न सकिने उल्लेख गरेको छ । उक्त परिमाणको आधारमा लुम्बिनी प्रदेशको आर्थिक ऐन अनुसार प्रति घनफिट रु ६ का दरले आय प्राप्त गर्दा रु ५२७६५६८ आम्दानी प्राप्त हुने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

७६.३ पालिकाले स्थल नं ६ मजेटा बाहेकको ७ स्थानको ८४४६३३ घनफिट परिमाणको लागि मात्र सूचना प्रकाशन गरेको छ । मजेटा स्थलको ३४८०५ घन फिटको सुचना प्रकाशन नगरेको आधार खुलाएको छैन । सुचना प्रकाशन गरिएका ७ स्थान मध्ये ५ स्थानमा ठेक्का नपरेको उल्लेख गरेतापनी सो को कारण पहिचान गरी विश्लेषण गरेको पाइएन । ठेक्का व्यवस्था हुन नसकेको कारण पालिकालाई प्राप्त हुन आम्दानी प्राप्त हुन सकेको छैन ।

७६.४ टिपुवा वगर क्षेत्रको ९३०९६ वर्गफिटको लागि न्यूतम अंक रु ५५८५७६ कायम गरी ठेक्का आह्वान भएकोमा कृशु कन्स्ट्रक्सन प्रा लि बगनासकालीले रु १०१०००० बस्याल हार्डवयर बगनासकालीले रु ९५५५५५ त्रिशक्ती बगनासकाली हार्डवयरले रु ८००००० बर्माविष्णु महेश्वर कन्स्ट्रक्सनले रु ७८६६२७ उत्तरवाहिनी

एनजि ग्रुप अफ कन्स्ट्रक्सन गल्याङले रु ६८८२४६ र जगत्रदेवी कन्स्ट्रक्सन ले रु ५६०१६६ कबोल गरेकोमा प्रथम देखि पाँचौ सम्मका व्यवसायीले ठेक्का सकार नगरेकोले छैठौं वढी कबोल गर्ने जगत्रदेवी कन्स्ट्रक्सन संग सम्झौता गरेको छ । बढी कबोल गर्ने प्रथम देखि पाँचौ सम्मको धरौटी क्रमश रु ५००००, रु ४७७७८, रु ४००००, रु ३९३३२, रु ३४४१२ गरी रु २११५२२ धरौटी जफत गर्दा समेत पालिकालाई रु २३८३१२ घटि आय प्राप्त भएको छ भने नेपाल सरकारलाई रु ३०९८० मुल्य अभिवृद्धि कर घटी प्राप्त भएको छ । पालिकाले ठेक्का कबोल गरी सम्झौता नगर्नेको धरौटी जफत गरेतापनी कालो सूचिमा राख्ने लगायतका अन्य कारवाही गरेको छैन ।

७७ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ६००००० | ५३४५३९ | ८९ |
| घरजग्गा वहाल कर | १५००००० | ४५६३३२ | ३०४ |
| व्यवसाय कर | २००००० | ८०८८४ | ४० |
| वहाल विरौटी शुल्क | ६०००० | ४३००० | ७२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

७८ **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु २६७४३ असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु

| **क्र.सं.** | **व्यवसायी** | **न्यूनतम कायम रकम** | **मूअकर** |
|---|---|---|---|
| १ | न्यू प्रनिसा फ्रेस हाउस | १२०००० | १३६०० |
| २ | दाउन्ने स्क्याब सेन्टर | १०१००० | १३१४३ |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २६,७४३ |

७९ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क तथा ब्यवसाय कर वापत ३००००० असुल गर्ने लक्ष्य रहेकोमा रु. १०५६८४ मात्र सङ्कलन गरेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

८० **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६०७५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु ६८३७६३५ अर्थात अनुमान भन्दा १२.५४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आयको अनुमान यर्थाथपरक बनाई आम्दानीका अन्य स्रोतको पहिचान गरी बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८१ **त्रुटि सच्चाउने अवधिको अभिलेख-** खरिद सम्झौताको खण्ड "सी" को ४२ मा समेत योजनाहरुको त्रुटि सच्चाउने अवधि सम्बन्धी अभिलेख राखि देखिएका समस्या तथा त्रुटिहरु उक्त अवधिमा सम्बन्धित - निर्माण व्यवसायीबाट सच्चाउन लगाउने व्यवस्था छ । पालिकाले विगतमा निर्माण सम्पन्न भएका तथा यस वर्ष सम्पन्न भएका ९ योजनालाई त्रुटि सच्चाउने अवधि उल्लेख गरी अभिलेख राखेको छैन । जसले गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार वनाउन नसकिने र त्यस्ता योजनाहरुमा त्रुटि सच्चाउने अवधि भित्रै थप लगानी गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने देखिन्छ । अत; त्रुटि सच्चाउने अवधिमा रहेका योजनाको अभिलेख अद्यावधिक गरी राख्ने एवम् सो अनुरुप अनुगमन गरी देखिएका समस्या र त्रुटिहरु सच्चाउने व्यवस्था मिलाउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

८२ **पाईप वितरण** - खरिद गरिएका निर्माण सामाग्रीहरु जडान भई सोको नापी तथा मुल्यांकन तयार गरी प्राविधिकबाट प्रमाणित गर्नुपर्दछ । पालिकाले यस वर्ष ठेक्का नं.२।२०७९।८० बाट रु.२६५४३६० को लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा रु.२५७१८५५ मा वायादुत ट्रेड एण्ड सप्लायर्सबाट देहाय अनुसार ३७६८८ मिटर पाईप खरिद गरेको छ । उक्त पाईपहरु मध्ये ३३०१७ मिटर देहाय अनुसारका योजनाको लागि वडाले र व्यक्तीले बुझीलिएकोमा उक्त पाईपहरु पालिकाबाट बुझीलिएकै प्रयोजनमा प्रयोग भएको देखिने गरी प्राविधिकबाट नापजाँच तथा मुल्याङ्कन भएको देखिएन । जसबाट खरिद तथा वितरण भए अनुसार प्रयोग भए नभएको यकिन गर्न सकिएन । तसर्थ उक्त वितरण भएको पाईपहरुको प्रयोग भएको खुल्ने प्राविधिकबाट प्रमाणित नापी किताब पेश हुनुपर्दछ ।

| खरिदतर्फ | वितरणतर्फ |
|---|---|
| | |

| क्र.सं. | पाईप | मिटर | दर | रकम | क्र.सं. | वितरणको विवरण | मिटर |
|---|---|---|---|---|---|---|---|
| १ | २०० एमएम पिएन १६ | ३६ | २६५३ | ९५५१७ | १ | वडा नं १ का ४० जना व्यक्तीलाई | ६५११ |
| २ | ११० एमएम पिएन १६ | २२० | ५१४ | ११३११३ | २ | वडा नं २ का २० जना व्यक्तीलाई | १८८५ |
| ३ | ६३ एमएम पिएन १२.५ | ३५० | ३१९ | १११५३१ | ३ | वडा नं ३ का १८ जना व्यक्तीलाई | १४१५ |
| ४ | ५० एमएम पिएन १२.५ | ११५० | २०३ | २३३९१० | ४ | वडा नं ४ का ७ जना व्यक्तीलाई | ९५० |
| ५ | ४० एमएम पिएन १६ | १५० | १५८ | २३७३० | ५ | वडा नं ५ का २ जना व्यक्तीलाई | २०० |
| ६ | ३२ एमएम पिएन १२.५ | ५८२० | ८४ | ४८६६६८ | ६ | वडा नं ६ का ७ जना व्यक्तीलाई | १२०० |
| ७ | २५ एमएम पिएन १६ | ३१०० | ६३ | १९६१६८ | ७ | वडा नं ७ का ७ जना व्यक्तीलाई | २३०० |
| ८ | २० एमएम पिएन १६ | २६४०० | ४१ | १०७३९५२ | ८ | वडा नं ८ का २ जना व्यक्तीलाई | १५० |
| ९ | १ ईन्च जिआई | २२२ | ४४१ | ९७८३५ | ९ | वडा नं ९ का ५ जना व्यक्तीलाई | ११५० |
| १० | १.२५ ईन्च जिआई | २२२ | ५७६ | १२७९३९ | १० | लाटडाँडा खापाको लागि वडा नं.१ ले बुझीलिएको | ३५०० |
| ११ | भल्भ | १८ | ६३८ | ११४९२ | ११ | गुडुवाखोला पित्लुछाप खापा योजनाको लागि वडा नं ४ बुझीलिएको | ३७५० |
| जम्मा खरिद रकम | | ३७६८८ | | २५७१८५५ | १२ | नायर लिफ्ट खापाको लागि वडा नं. ३ ले बुझीलिएको | ११५० |

| | | | |
|---|---|---|---|
| | १३ | यम्घा, जेठीपानी खापाको लागि वडा नं. ६ ले बुझीलिएको | ६४३० |
| | १४ | ढाडपानी खापाको लागि वडा नं. ५ ले बुझीलिएको | ५७० |
| | १५ | चिर्तुङ्गधारा सिचाई वेवर खोला योजनाका लागि वडा नं. १ ले बुझीलिएको | २०६ |
| | १६ | वडा नं. १ ले वितरणको लागि | १६५० |
| | जम्मा | | ३३०१७ |
| | | प्रमाण पेश नगरेको | २५,७१,८५५ |

८३ **कार्यतालिका** -सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले ११ ठेक्का व्यवस्थापन गरेकोमा निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेख, कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

आर्थिक वर्षः २०७९/८०

कार्यालय र स्थान : बगनासकाली गाउँपालिका, पाल्पा , बगनासकाली गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु - घर्ती | २०७८-४-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कोशल राज पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,४८९,१०५.७९ | ४,७३६,८८६ | ३,६६१,५४१ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९,८८७,५३२.७९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८,५०० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९,८७९,०३२.७९ |

## आर्थिक कारोबारको स्थिति

**अनुसूची - १**

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७२१३७४९५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४६७१३७१३ | **चालु खर्च** | ३३२२३६४२७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३४२४८०२४ | **पूँजीगत खर्च** | १५५३८६७७५ |
| **राजश्व बाँडफाँट** | ६९३९२७९९ | **वित्तीय/अन्य व्यवस्था** | ११०६८२५० |
| **आन्तरिक आय** | १६९२३२३५ | | |
| **अन्य आय** | १५४४३७०६ | | |
| **कुल आय** | ४८२७२१४७७ | **कुल खर्च** | ४९८६९१४५२ |
| **बाँकी मौज्दात** | | ५६१६७५२० | |